म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १९५ आइतबार, १७ फागुन २०८२ ने. सं. ११४६ चिल्लाथ्व 29 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मुक्तकमञ्च मकवानपुरमा पुन:सागर तिमल्सिनाको नेतृत्व

हेटौंडा, १६ फागुन/मुक्तक मञ्च मकवानपुर शाखाको अध्यक्षमा पुन: सागर तिमल्सिना निर्वाचित भएका छन् । मञ्चको दोस्रो अधिवेशनबाट पुन:तिमल्सिनाको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको हो । कार्यसमितिको उपाध्यक्षमा भवानी तिमल्सिना, सचिवमा सुवास सजल, कोषाध्यक्षमा मिथिला अधिकारी तथा सहसचिवमा अजर फुँयाल र नवीन दर्लामी चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा कमल नेपाल, प्रवीना प्रयासी, मन्दिरा देवकोटा, विविशा रुम्बा र भावना न्यौपाने निर्वाचित भए । अधिवेशन सम्पन्न गराउन गठित निर्वाचन मण्डलको संयोजकमा डा. विश्वनाथ सञ्जेल रहेका थिए भने सदस्यद्वय सानु खनाल र डीबी बर्तौलाले निर्वाचन प्रक्रिया सञ्चालन गरेका थिए । नवनिर्वाचित अध्यक्ष तिमल्सिनाले मुक्तक साहित्यको प्रवर्द्धन, स्रष्टाहरुको क्षमता अभिवृद्धि तथा शाखाको संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

### उम्मेदवारले सार्वजनिक गरेका प्रतिबद्धता प्राय:उस्तै

# घरदैलोमा मतदाता फकाउँदै नेताहरु

साझाकुरा संवाददाता



हेटौंडा, १६ फागुन/यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुर क्षेत्र नम्बर १ का प्रमुख दलका उम्मेदवारले सार्वजनिक गरेका प्रतिबद्धतामा प्राय: उस्तै एजेन्डा देखिएका छन् । सुशासन, भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगारी सबै उम्देवारका साझा विषय बनेका छन् ।

नेपाली कांग्रेसकी उम्मेदवार महालक्ष्मी उपाध्याय डीनाले सुशासन र लोकतन्त्रको रक्षा, 'विद्युतीय सुशासन'मार्फत छरितो र भ्रष्टाचारमुक्त सेवाप्रवाह तथा स्थिर राजनीतिक वातावरण निर्माणलाई प्राथमिकतामा राखेकी छिन् । पूर्वाधारतर्फ रातोमाटेदेखि राप्तीपुल हुँदै चौकीटोलसम्म वैकल्पिक सडक सञ्चालन, त्रिभुवन राजपथअन्तर्गत बुद्धचोकदेखि भैंसेसम्म १६ मिटर सडक कायम गरी पर्यटकीय मार्ग विकास, बागमती-सिन्धुली सडक र फास्ट ट्र्याक निर्माणमा समन्वय तथा सबै पालिकामा केन्द्रीय प्रसारण लाइन र इन्टरनेट सेवा विस्तार गर्ने प्रतिबद्धता उनको ९ बुद्धे संकल्पपत्रमा उल्लेख छ ।

अघिल्ला निर्वाचनमा पराजय भोगेपनि विकास निर्माणमा आफूले देखाएको तत्परतालाई मतदाताले विश्वासका रुपमा लिएको डीनाको दाबी छ । नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार विजय गौतमले भौतिक पूर्वाधार विकासलाई केन्द्रमा राख्दै ग्रेटर हेटौंडा चक्रपथ, नदी करिडोर, मुख्य तथा सहायक सडक स्तरोन्नति तथा ग्रामीणक्षेत्रमा शतप्रतिशत विद्युत् र खानेपानी पहुँच विस्तारलाई प्राथमिकतामा राखेका छन् । सुशासनतर्फ भ्रष्टाचार मुक्त, पारदर्शी र जवाफदेही प्रशासन, डिजिटल सेवा विस्तार र जनप्रतिनिधि-जनता प्रत्यक्ष संवाद सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । निर्वाचनमा जनताले खोजेको युवा र नयाँ अनुहार आफू रहेको उनको भनाइ छ ।

जनताका प्रश्नको चित्तबुझ्दो जवाफ दिँदै घरदैलोका क्रममा मन र मत जित्न सकेको गौतमको दाबी छ । नेकपा एमालेका उम्मेदवार रामेश्वर रानाले मकवानपुरमा निर्माण रोकिएका अधुरा सडक, खानेपानी, सिँचाइ, विद्युतीकरण, स्वास्थ्य तथा शैक्षिक पूर्वाधार सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन् । हेटौंडा औद्योगिक क्षेत्रभित्र थप उद्योग स्थापना गर्ने र मयूरधाप औद्योगिक क्षेत्रलाई गति दिने उनको एजेण्डा छ । कृषिलाई निर्वाहमुखीबाट व्यावसायिक बनाउने, युवालाई प्राविधिक शिक्षा र रोजगारी सिर्जना गर्ने, भूमिहीन दलित र सुकुम्बासीलाई जग्गाधनी पुर्जा उपलब्ध गराउने तथा हेटौंडा अस्पतालमार्फत स्वास्थ्य सेवा विस्तार गर्ने विषय पनि घोषणापत्रमा समेटिएको छ । क्षेत्र नम्बर १ का भूमिसम्बन्धी समस्या समाधानलाई मुख्य प्राथमिकता बनाउने उनले बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार तथा क्षेत्र नम्बर १ का निवर्तमान सांसद दीपकबहादुर सिंहले स्थानीय तहलाई बलियो बनाउने, संघीयता खारेज गर्ने र राजसंस्था पुन:स्थापनाको एजेण्डासहित घरदैलो अभियानमा सक्रिय रहेका छन् । जनतासँगको 'मन-मुटुको गठबन्धन'का कारण अघिल्लो निर्वाचनमा गठबन्धनका उम्मेदवारलाई पराजित गरेको र अहिले पनि जनतासँगको सम्बन्ध अझै प्रगाढ रहेको उनको दाबी छ । साढे दुईवर्षमा गरेका कामका आधारमा जनताले मत दिने उनको विश्वास रहेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले पनि सुशासन, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र औद्योगिक विकासलाई मुख्य एजेण्डाका रुपमा अघि सारेको छ ।

पारदर्शी शासनप्रणाली, गुणस्तरीय सार्वजनिक सेवा र अवसरमा समान पहुँच सुनिश्चित गर्ने लक्ष्य पार्टीको रहेको बताएको छ । स्वास्थ्य र शिक्षामा जनताको सहज पहुँच, बन्द कलकारखाना सञ्चालन तथा पर्यटन प्रवर्द्धन आफ्ना प्रमुख प्राथमिकता रहेको क्षेत्र नम्बर १ का उम्मेदवार प्रकाश गौतमले बताएका छन् । निर्वाचन क्षेत्र नम्बर १ बाट १३ राजनीतिक दलका उम्मेदवार र १० जना स्वतन्त्र गरी कुल २३ जनाको उम्मेदवारी रहेको छ । मतदाता विवरणअनुसार यस क्षेत्रमा १ लाख ५८ हजार ४ सय ३५ मतदाता रहेका छन् ।

**फेरिएको चुनावी शैली**

विगतका आमनिर्वाचनको तुलनामा यसपटक राजनीतिक दल र उम्मेदवारको चुनावी प्रचारशैली फेरिएको छ । हिजोका दिनमा भव्य मञ्च, तडकभडक र ठूला आमसभालाई प्राथमिकता दिने दल तथा उम्मेदवार यसपटक घरदैलो र व्यक्तिगत भेटघाटमै मतदाता फकाउनमा केन्द्रित देखिएका छन् ।

मकवानपुरका दुवै निर्वाचन क्षेत्रका उम्मेदवार मतदाताको घरदैलो र सामूहिक भेटघाटमा व्यस्त रहेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीबाहेक अन्य प्रमुख दलले हालसम्म शीर्ष नेताको उपस्थितिमा ठुला आमसभा आयोजना गरेका छैनन् । उम्मेदवारले फागुन ३ गतेसम्म आन्तरिक तयारी र कार्यकर्ता भेला सकेर अहिले मतदाताको दैलोमा पुगेर मतदाता फकाउने अभियानलाई तीव्रता दिएका हुन् । प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. १ का उम्मेदवार 'डीना' शुक्रबार हेटौंडा उपमहानगर पालिका-२ र ४ मा मतदातासँगको भेटघाटमा व्यस्त रहेकी छिन् । उनले लामो भाषणभन्दा मतदाताका अपेक्षा सुन्ने र आफ्ना योजना सुनाउने कार्य प्रभावकारी हुने भएकाले घर दैलोलाई प्राथमिकता दिएको बताइन् ।

'मतदातासँग मन जोड्ने र एकअर्काप्रति रहेका भ्रमचिर्ने अभियानमा छु, त्यसैले प्रत्यक्ष भेटघाट नै उत्तम लागेको छ,' उनले भनिन् । यस्तै, नेकपा (एमाले) का क्षेत्र नं. १ का उम्मेदवार रानाले पनि प्रचारको माध्यम घरदैलो नै रोजेका छन् । एमाले प्रचारप्रसार समितिका संयोजक नवीन सिग्देलले यसपटक आमसभाभन्दा कार्यकर्ता परिचालन र घरदैलोलाई नै प्राथमिकता दिइएको जानकारी दिए । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता प्रेमबहादुर पुलामीले पनि विजय गौतमलाई उम्मेदवार बनाएर घर दैलो अभियान चलाइरहेको बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार सिंहका तर्फबाट राप्रपा क्षेत्र नं. १ का अध्यक्ष उमेश थापाले आमसभाको विकल्पमा मोटरसाइकल र्‍याली र घरदैलोलाई जोड दिएको बताए । राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार प्रकाश गौतम तथा उज्यालो नेपाल पार्टीले पनि घर दैलोमार्फत् मतदातासँग मत मागिरहेका छन् । श्रमसंस्कृति पार्टीले भने सोमबार हेटौंडामा आमसभा गर्ने तयारी गरेको छ ।

### ८ लाखले उपत्यका छाड्ने अनुमान, यातायात प्रणाली चुस्त राखिने

# भीमफेदी-कुलेखानी सडकमा तीब्र चाप



साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/निर्वाचनसँगै लामो बिदा परेकाले ८ लाखले उपत्यका छाड्ने अनुमान गरिएको छ । निर्वाचन आसपासमा करिव एक साता सार्वजनिक बिदा पर्ने भएपछि ठूलो संख्यामा मानिसले काठमाडौं छोड्ने तयारी गरेका छन् ।

सरकारले आमनिर्वाचनका लागि फागुन २०, २१ र २२ गते तीनदिन बिदा दिएको छ भने फागुन १८ गते पहाडी क्षेत्रमा फागूपूर्णिमाको बिदा परेको छ । यस्तै फागुन १९ गते तराईमा फागूपूर्णिमाको बिदा परेको छ । फागुन २३ गते शनिवार र २४ गते अर्थात ८ मार्चका दिन अन्तर्राष्ट्रिय महिला दिवसको विदा परेको छ । यसरी फागुन १८ देखि २४ सम्म सात दिन बिदा हुनेभएपछि दशैंतिहारमा जस्तै यसपटक आगामी हप्तामा धेरैले उपत्यका बाहिर जाने तयारी गरेका हुन् ।

यातायात व्यवसायीका अनुसार अहिलेबाटै उपत्यका छाड्नेहरु बढेका छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका कार्यवाहक अध्यक्ष पुण्यप्रसाद सिटौलाले एक साताको सार्वजनिक बिदाको कारणले सार्वजनिक यातायातमा चाप पर्न थालेको बताए । १९ गतेसम्मका लागि लामोदूरीका गाडीमा भीडभाड रहेको उनको भनाइ छ । सिटौलाका अनुसार १७, १८,१९ गते थेगिनसक्नु भीड छ । धेरैले गाडी रिजर्व समेत गर्न थालिसकेका छन् । यता साना सवारी साधनका कारण भीमफेदी-कुलेखानी-सिस्नेरी रोडमा तीव्र चाप बृद्धि भएको छ ।

सिटौलाले भने, '६/७ दिनको बिदाका कारण काठमाडौं उपत्यकाबाट निकै धेरै यात्रु उपत्यकाबाट घरतर्फ जाने देखिरहेका छौं । जानेक्रम सुरु भइसकेको छ । आमनिर्वाचनको क्रमलाई लिएर सुरक्षानिकाय समेत आफ्नो कार्यक्षेत्रमा गइसकेको अवस्था छ । करिव ८-९ लाखको हाराहारीमा उपत्यका बाहिरिने क्रम सुरु भइसकेको छ । १९ गतेसम्म लामोदूरीका गाडीमा अत्यन्तै भीडभाड छ । १७, १८, १९ गते थेगिनसक्नु भीड छ । धेरै सवारीसाधन रिजर्व गर्न थालिसक्नु भएको छ ।'

यातायात व्यवसायी सिटौलाकाअनुसार लामो दूरी कञ्चनपुर, डडेलधुरादेखि अर्घाखाँची, गुल्मी, पाल्पा जस्ता जिल्लामा १९ गतेपछि गाडी जानसक्ने अवस्था रहने छैन । २० गते रातको १२ बजेदेखि मतदान सम्पन्न नभएसम्म सार्वजनिक तथा निजी सवारी प्रतिबन्ध लगाइएको छ । मध्यम दूरी काभ्रे, धादिङ सिन्धुपाल्चोक सम्मका दूरीमा गाडीहरु चल्नेछन् । यातायात व्यवस्था विभागले पनि आमनिर्वाचनको असापासमा धेरै बिदा परेकाले यात्रु बाहिर जाने भएकाले सार्वजनिक यातायातलाई चुस्त राखिने बताएको छ । विभागका महानिर्देशक राजीव पोखरेलले सार्वजनिक यातायात प्रणालीलाई चुनावका बेला चुस्तदुरुस्त राख्न योजनाबद्ध तवरले विभाग लागिरहेको बताए ।

विभागका महानिर्देशक पोखरेलले भने, 'आमनिर्वाचन नजिकिएको छ । यो बेला यातायात प्रणालीलाई चुस्तदुरुस्त बनाउन विभिन्न काम गरिरहेका छौं । आसन्न चुनावमा एक ठाउँबाट अर्को ठाउँमा जाने क्रम सुरु भइरहेको छ र विदेशबाट पनि नेपाली नागरिक नेपाल आउने क्रम बढिरहेको छ । अहिले यातायात प्रणालीलाई व्यवस्थित बनाउन विभिन्न स्टेक होल्डरसँग बसेर छलफल गरेका छौं । अहिले सार्वजनिक यातायातबाटै सबै नागरिकलाई गन्तव्य .पुऱ्याउनसक्ने अवस्थामा छौं । यदी पुगेन भने हामी अरु पूर्वतयारी पनि गरेर बसेका छौं । सार्वजनिक यातायातले पुगेन भने अरु क्षेत्रका गाडीहरु समेत प्रयोग गर्न सक्ने छौं ।'

उनले निर्वाधरुपमा सार्वजनिक यातायातबाट नागरिक्लाई सुरक्षित गन्तव्यमा पुऱ्याइने बताउँदै अपुग भए नेपाली सेनादेखि स्कुल, कलेजका सबारी साधनसमेत सरकारले प्रयोग गरेर चलाउने बताए । बिगतका वर्षमा होलीको समयमा काठमाडौंबाट तराई जाने यात्रुको चाप देखिने गरेको थियो । योवर्ष निर्वाचन पनि रहेका कारण अधिकांशले आफ्नो घर जाने तयारी गरिरहेका छन् ।

# जिल्लास्तरीय गणित हाजिरीजवाफ प्रतियोगितामा बालजागृति प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/जिल्लास्तरीय गणित हाजिरीजवाफ प्रतियोगितामा हेटौंडा-२ स्थित बालजागृति इङ्लिस बोर्डिङ स्कूल प्रथम भएको छ ।

गणित शिक्षा परिषद् जिल्ला कार्यसमिति मकवानपुरको आयोजनामा सम्पन्न प्रतियोगितामा बालजागृतिका सहर्ष गौतम र आदित्य चौलागाईंको समूहले प्रथम स्थान हासिल गरेको हो । प्रतियोगितामा हेटौंडा-५ स्थित ज्ञानदीप शिक्षा (जीएस) निकेतनको समूह द्वितीय र तृतीय भएको हो । जीएस माविको आलिया थपलिया र एलेस घिमिरेको समूह द्वितीय भएको छ भने निवित पुडासैनी र सम्पन्न अधिकारीको समूह तृतीय भएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने समूहले क्रमश: ४ हजार, ३ हजार र २ हजार रुपैयाँ सहित ट्रफी, प्रमाणपत्र र स्टेशनरी सामग्री पुरस्कार प्राप्त गरेका छन् ।

प्रतियोगितामा विभिन्न संस्थागत र सामुदायिक गरी २१ वटा विद्यालयका ३० वटा टिमको सहभागिता रहेको थियो । प्रत्येक समूहमा कक्षा ९ र १० मा अध्ययनरत २ जना विद्यार्थी सहभागी प्रतियोगिता दुई राउण्डमा सम्पन्न भएको थियो । सहभागी टिममध्ये पहिलो राउण्डमा उत्कृष्ट ८ वटा टिम छनोट गरी दोस्रो राउण्ड खेलाइएको थियो । परिषद्का सदस्य तथा अतिरिक्त क्रियाकलाप विभाग संयोजक विमल दाहालको संयोजकत्वमा प्रतियोगिता भएको हो । गणित शिक्षा परिषद् मकवानपुरका अध्यक्ष विनोद सुवेदीको सभाध्यक्षतामा भएको कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा परिषद्का बागमती प्रदेश सदस्य संगीता पुडासैनी र बालजागृति माविका प्रबन्ध निर्देशक मोहनप्रसाद शर्माको विशिष्ट आतिथ्य रहेको थियो । प्रतियोगिताले आगामी चैत १९ गतेबाट सुरु हुन गइरहेको एसईई परीक्षा दिने विद्यार्थीलाई सहयोग पुग्ने अध्यक्ष सुवेदीले बताए ।



## हाम्रो कुरा

# पहिलोपटक पाठ्यक्रममा बीमा

बागमती प्रदेश विश्वविद्यालयले स्नातकोत्तर तहमा 'मास्टर अफ रिस्क एन्ड इन्स्योरेन्स म्यानेजमेन्ट' (एमआरआइएम) कार्यक्रम सुरु गरेको छ । विश्वविद्यालयले शुक्रबार काठमाडौंमा आयोजित विशेष कार्यक्रममा औपचारिक रुपमा सार्वजनिक गरेको हो । बागमती प्रदेश विश्वविद्यालयले बीमालाई औपचारिक पाठ्यक्रममा समेट्नु समयसापेक्ष र दूरदर्शी निर्णय हो । आजको अनिश्चित आर्थिक र सामाजिक परिवेशमा बीमा केवल वित्तीय सेवामात्र नभई जोखिम व्यवस्थापन, सामाजिक सुरक्षा र दीगो विकासको महत्वपूर्ण आधार बनेको छ । यस्तो अवस्थामा प्रादेशिक विश्वविद्यालय तहबाटै बीमाको ज्ञान दिनु भविष्यका जनशक्तिलाई व्यवहारिक र जिम्मेवार बनाउने दिशातर्फको ठोस कदम हो । बीमा शिक्षाले विद्यार्थीलाई जोखिमको पहिचान, मूल्यांकन र व्यवस्थापन गर्ने सीप प्रदान गर्छ । यसले व्यक्तिगत जीवनमा मात्र होइन, व्यवसाय, उद्यमशीलता र सार्वजनिक नीतिनिर्माणमा समेत सकारात्मक प्रभाव पार्छ ।

नेपालजस्तो प्राकृतिक प्रकोपको जोखिममा रहेको मुलुकमा बीमाको समझदारी बढ्नु भनेको आर्थिक स्थायित्व र पुनर्स्थापनाको क्षमता बढ्नु हो । यस पाठ्यक्रमले बीमाक्षेत्रका लागि दक्षजनशक्ति उत्पादन गर्न सहयोग पुऱ्याउनेछ । यसबाट रोजगारका नयाँ अवसर सिर्जना हुने, बीमा उद्योगको विश्वसनीयता बढ्ने र आमनागरिकमा बीमाप्रतिको विश्वास मजबुत हुने अपेक्षा गर्न सकिन्छ । वित्तीय साक्षरता विस्तारमार्फत समावेशी आर्थिक विकासमा पनि योगदान पुग्नेछ । समग्रमा, बागमती प्रदेश विश्वविद्यालयको यो पहल शैक्षिक नवप्रवर्तनको उदाहरण हो । यसले शिक्षा, बजार र समाजबीचको दूरी घटाउँदै विद्यार्थीलाई जीवनोपयोगी ज्ञान र सीपले सुसज्जित बनाउने सकारात्मक सन्देश दिएको छ । विश्वविद्यालयका पदाधिकारी तथा सरोकारवालाको उपस्थितिमा सार्वजनिक गरिएको कार्यक्रममा एमआरआइएम चार सेमेस्टरको स्नातकोत्तर कार्यक्रम रहेको जानकारी दिइयो । जोखिम व्यवस्थापन, बीमा, पुनर्बीमा, एक्चुरियल आधार, तथ्यांक विश्लेषण तथा नियामकीय संरचनाजस्ता विषयमा दक्षजनशक्ति उत्पादन गर्ने उद्देश्यसहित कार्यक्रम ल्याइएको विश्वविद्यालयले जनाएको छ । कार्यक्रममा जीवन बीमा, पेन्सन कोष तथा सम्पत्ति व्यवस्थापन, सामाजिक बीमा, निर्जीवन बीमा, पुनर्बीमा र जोखिम व्यवस्थापनलगायत पाँचवटा विशेषज्ञता क्षेत्र रहनेछन् । सैद्धान्तिक अध्ययनसँगै प्रायोगिक अभ्यास, औद्योगिक भ्रमण, अनुकरण अभ्यास (सिमुलेसन), भूमिका निर्वाह तथा प्रविधिमा आधारित सिकाइ पद्दतिलाई प्राथमिकता दिइने बताइएको छ । छ महिनाको इन्टर्नसिप र शोध-प्रबन्ध (थेसिस) अनिवार्य गरिएको छ । योग्यताअन्तर्गत मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गरी न्यूनतम २.० सीजीपीए (सेमेस्टर प्रणाली) वा ४५ प्रतिशत (वार्षिक प्रणाली) अंक हासिल गरेको हुनुपर्नेछ ।

सम्बन्धित क्षेत्रमा कम्तिमा दुई वर्षको अनुभव भएका आवेदकलाई पनि अवसर दिइने विश्वविद्यालयले जनाएको छ । सबै आवेदकले एमआरआइएम प्रवेश परीक्षा उत्तीर्ण गर्नुपर्ने व्यवस्था छ । चार सेमेस्टरमा विभाजित पाठ्यक्रमअन्तर्गत व्यवस्थापनका सिद्धान्त, बीमा लेखांकन तथा वित्तीय प्रतिवेदन, जोखिम र बीमाका आधार, मात्रात्मक विधि, एक्चुरियल विज्ञानका आधार, बीमा अर्थशास्त्र, तथ्यांक विश्लेषण, रणनीतिक व्यवस्थापनलगायत विषय समेटिएका छन् । अन्तिम सेमेस्टरमा छ महिनाको इन्टर्नसिप र शोधकार्यका लागि ९ क्रेडिट निर्धारण गरिएको छ । विश्वविद्यालयले बीमा तथा वित्तीय क्षेत्रमा दक्ष, विश्लेषणात्मक र अनुसन्धानमुखी जनशक्ति उत्पादन गर्ने लक्ष्यसहित कार्यक्रम सञ्चालनमा ल्याएको जनाएको छ । नयाँ कार्यक्रमले बीमा उद्योग, बैंकिङ तथा वित्तीयक्षेत्र र नियामक निकायमा आवश्यक जनशक्ति आपूर्तिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यो नेपालकै पहिलो बीमा पाठ्यक्रम हो । हाल नेपालमा संचालित अन्य विश्वविद्यालयमा बीमासम्बन्धी पाठ्यक्रम छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन १८ गते सोमबार २ मार्च २०२६ । चतुर्दशी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३० सूर्यास्त ६:०४ । पहाडमा होली ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनोकांक्षा सिद्धि हुनेछ | तुला | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| वृष | : गरेको कार्यमा सफलता मिल्नेछ | वृश्चिक | : योजना कार्यान्वयन हुनेछ |
| मिथुन | : नयाँ कार्ययोजना बन्नेछ | धनु | : व्यापार राम्रो चल्नेछ |
| कर्कट | : आकस्मिक लाभ हुनेछ | मकर | : मीठो खाने अवसर मिल्नेछ |
| सिंह | : राम्रो अवसर गुम्नेछ | कुम्भ | : घर परिवारमा मेलमिलाप हुनेछ |
| कन्या | : खर्च र दु:ख बढ्नेछ | मीन | : मनमा शङ्का बढ्नेछ |

# कृषि क्षेत्रको प्रणालीगत समस्या



✍रामकृष्ण खतिवडा

कम्प्युटरका पुराना फाइलहरू हेर्दै गर्दा कुनै समयमा विश्व बैंकको सहयोगमा सञ्चालित कृषि सम्बन्धी परियोजना 'प्याक्ट' मा मैले स्वतन्त्र मूल्याङ्कनकर्ताको रूपमा तयार पारेका केही कृषि परियोजनाका मूल्याङ्कन सम्बन्धी कागजातहरू भेट्टाएँ । ती धेरै वर्ष पुराना दस्तावेज हुन् । तर पनि नेपाली कांग्रेसका सभापति गगन थापालाई 'मटन काजी' भनेर दुष्प्रचारित स्थितिमा पुऱ्याउने, अहिलेसम्म उनलाई छायाँ जसरी पछ्याइरहेको र सामाजिक रूपमा स्पष्टीकरण गर्न 'मटन वर्ल्ड' नामक वेबसाइट समेत सञ्चालन गर्नुपर्ने अवस्था आइपरेको विद्यमान अवस्थाले पनि उक्त परियोजनासँग सम्बन्धित फाइलभित्र गएर हेर्न मलाई उत्सुकता जाग्यो ।

ती दस्तावेजहरूको अध्ययन गर्दा प्याक्ट परियोजनामा प्राप्त प्रस्तावहरूको मूल्याङ्कनको मापक तथा प्रक्रिया स्पष्ट रूपमा संरचित रहेको देखियो । सामान्यतया चार जना मूल्याङ्कनकर्ता (वित्तीय, प्राविधिक, बजार र कृषि व्यवसाय सम्बन्धी) एकै ठाउँमा बसेर, प्रस्तावकर्ताको पहिचान नखुलाई कोड गरिएका फाइलहरूको आधारमा मूल्याङ्कन गरी सोही स्थानमै अंक प्रदान गर्ने व्यवस्था थियो । सम्भवत: मैले नै मूल्याङ्कन गरेका प्रस्तावहरूमध्ये 'मटन काजी'सँग सम्बन्धित प्रस्ताव पनि परेको हुन सक्छ । मैले गरेको वित्तीय विश्लेषणमा विशेषगरी कृषि क्षेत्रसँग सम्बन्धित प्रस्तावहरूका स्पष्ट वित्तीय सूचकहरूको सूक्ष्म अध्ययन गरिएको थियो । परियोजनाको लाभ-लागत विश्लेषण, परियोजना लागत, प्रस्तावकको लगानी, उत्पादन लागत, बजार मूल्य तथा आन्तरिक प्रतिफल दर जस्ता पक्षहरूलाई आधार बनाएर मूल्याङ्कन गरिएको थियो । राम्रोसँग वित्तीय अनुमान गरिएका र सम्भावनायुक्त प्रस्तावहरूलाई प्रदान गरिएको अंक तथा अन्य क्षेत्रका मूल्याङ्कनकर्ताहरूबाट प्राप्त अंकहरू समेटेर प्रस्तावको कुल अंक निर्धारण गरिन्थ्यो ।

साथै, मूल्याङ्कनकर्ताहरूले गोपनीयता कायम राख्दै प्रत्येक सूचकमा टिप्पणी अभिलेख गर्ने र निष्कर्ष तथा सिफारिशहरू संक्षेपमा प्रस्तुत गर्ने मानकपत्र प्रयोग गरी आफ्नो निष्कर्ष र औचित्य सहित सुदृढ अनुमान, कार्यविधिगत कडाइ र प्रमाणित नाफामुखीतामा आधारित दस्तावेज अन्तिम निर्णयका लागि सिफारिश गरिन्थ्यो । विगतदेखि नै नेपाल सरकार तथा विकास साझेदारहरूले नेपालको कृषि क्षेत्रलाई प्रवर्धन तथा निजी क्षेत्रलाई कृषि क्षेत्रमा आकर्षित गर्नका लागि विभिन्न परियोजना सञ्चालनमा ल्याएका छन् । एशियाली विकास बैंकको सहयोगमा दुर्गम उच्च पहाडी क्षेत्रका जीविकोपार्जनलाई लक्षित गर्दै विशेष बाली, पशुपालन र जडीबुटीका मूल्य शृंखला विकास मार्फत कृषि व्यवसाय अनुदान, तालिम तथा चयनात्मक पूर्वाधारमा लगानी प्रदान गर्न 'हिमाली परियोजना' सञ्चालनमा थियो ।

विश्व बैंकको सहयोगमा सञ्चालित किसान समूह, सहकारी र साना कृषि व्यवसायलाई अनुदान उपलब्ध गराएर उत्पादन आधुनिकीकरण र आपूर्ति शृंखला सुधार मार्फत व्यवसायीकरण तीव्र बनाउने, ग्रामीण आय बढाउने र गरिबी न्यूनीकरण गर्ने लक्ष्य प्रविधि तथा पूर्वाधार आधुनिकीकरणका लागि सञ्चालित 'प्याक्ट परियोजना' पनि सञ्चालनमा थियो । यूएनडीपीद्वारा 'कृषि-सौर्य पाइलट परियोजना', यूएसएआईडीको 'किसान परियोजना', युएनसीडीएफको 'एग्री क्लियर परियोजना' वा विभिन्न अन्य परियोजनाहरू 'जलवायु तथा स्मार्ट प्रविधि तथा विस्तार सेवा', 'नवीकरणीय ऊर्जा सिंचाइ', 'उत्पादन र मूल्य शृंखला प्रवर्धन परियोजना', 'पहाडी तथा हिमाली क्षेत्रमा उच्च मूल्य परियोजनाहरू' अन्य कृषि परियोजना हुन् ।

साथै, नेपाल सरकार र नेपाल राष्ट्र बैंकले कृषिमा वित्तीय पहुँच बढाउने उद्देश्यका साथ क्षेत्रगत कर्जामा अनिवार्यता तथा सहुलियत ऋण प्रवाह गरेको पनि दशकौं भइसक्यो । नेपाल राष्ट्र बैंकको सहुलियत कर्जा सम्बन्धी पछिल्लो तथ्याङ्क अर्थात् पुस मसान्त २०८२ को समीक्षा गर्दा उक्त व्यवस्था अन्तर्गत ७५ हजार २५० ऋणीलाई रु.१ खर्ब १२ अर्ब स्वीकृत भएको देखिन्छ । अझ व्यापक रूपमा तथ्यांकलाई केलाउँदा २०८२, पुस मसान्तसम्म बैंक वित्तीय संस्थाहरूबाट निर्देशित कृषि कर्जा र अन्य कृषि सम्बन्धी परियोजनामा कुल रु.३ खर्ब ५४ अर्ब प्रवाहित भएको छ ।

नेपाल सरकार, विकास साझेदार तथा वित्तीय क्षेत्रको ठूलो वित्तीय तथा नीतिगत लगानी भए तापनि नेपालको कृषि क्षेत्र अझै संघर्षरत देखिन्छ, अझ भन्दा खस्केको देखिन्छ । पछिल्लो दशकमा नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा करिब ३२ प्रतिशतबाट घटेर २५ प्रतिशतमा झरेको छ । साथै, बैंकिङ प्रणालीमा निष्क्रिय कर्जा दर बढ्दै गएको छ, गत पुस महिनाको तथ्यांक हेर्दा समग्रमा ५.४२ प्रतिशत निष्क्रिय कर्जा पुगेको देखिन्छ भने यसमा कृषि क्षेत्रको योगदान ठूलो रहेको छ । गगन थापाले प्याक्टबाट लिएको अनुदान दुरुपयोग गरेको होइन, उनले गरेको कृषि व्यवसाय असफल भएको हो । अब प्रश्न उठ्छ दोष कसको हो ? कृषि क्षेत्रको असफलतामा एउटै व्यक्ति 'मटन काजी' लाई मात्रै दोषारोपण गर्नु न्यायोचित हुन्छ वा यो प्रणालीगत समस्या हो ? यस्तो दोषारोपण राजनैतिक लाभ वा चुनावी भाषणका हिसाबले प्रभावकारी हुन सक्छ, तर नैतिक र व्यावहारिक दृष्टिले अत्यन्त जटिल रहेको छ । यसले, हामी सबैले सामूहिक रूपमा सामना गर्नुपर्ने आधारभूत प्रश्नहरू उठाएको छ:

१) के व्यवसाय शुरु गरेपछि पूर्ण रूपमा सफल हुनु नै पर्छ ?
२) के राजनीतिज्ञ वा सामाजिक व्यक्तित्वहरूलाई व्यवसाय गर्न वञ्चित गर्नुपर्छ? वा व्यवसाय गर्ने क्रममा नेपाल सरकार वा नीतिगत व्यवस्था भएका सहुलियतबाट वञ्चित गर्नुपर्छ ?
३) के सरकारको नीतिगत व्यवस्था, निर्देशन वा विकास साझेदारको अनुदानले मात्र कृषि क्षेत्रको विकास सम्भव छ ?
४) के अनुदान प्रदान गर्नु मात्रैले कुनै उद्यमको व्यावसायिक सफलताको सुनिश्चितता गर्छ ?

तथ्यगत आधारमा हेर्ने हो भने, विश्वव्यापी रूपमा स्टार्टअप वा सानो पूँजीमा गरिने लगानी वा नयाँ व्यवसायको सफलताको दर करिब २० प्रतिशतमा सीमित रहेको देखिन्छ । अर्थात् प्रत्येक १०० वटा नयाँ व्यवसायमध्ये झण्डै ८० वटा विफल हुन्छन् । नेपालको सन्दर्भमा यथार्थपरक ठोस तथ्यांक उपलब्ध नभए तापनि अनुभवजन्य रूपमा अनुमान गर्न सकिन्छ कि करिब १० प्रतिशत मात्रै व्यवसाय सफल रहेका छन् । यसको अर्थ, प्रत्येक १०० वटा नयाँ व्यवसाय शुरु भएमा करिब ९० वटा विफल भइरहेका छन् ।

यो धरातलमा 'मटन काजी' ले शुरु गरेको व्यवसाय अनिवार्य रूपमा सफल हुनै पर्ने थियो भन्ने अपेक्षा तर्कसंगत छैन । व्यवसायको सफलता विभिन्न कारक जस्तै, बजार अवस्था, लगानी संरचना, वित्तीय पहुँच, पूर्वाधार, प्राविधिक, उधारोको व्यवस्थापन, व्यवस्थापन क्षमता, वातावरणीय जोखिममा निर्भर रहेको सन्दर्भमा राजनीतिक वा सार्वजनिक समर्थन प्राप्त व्यक्तिले गरेको व्यवसाय पनि यी संयोजन विना स्वत: सफल हुन सक्दैन र भएन पनि ।

मेरो व्यावसायिक आरोह-अवरोहमा नेपाल सरकारको नीतिगत तहदेखि बैंक तथा वित्तीय क्षेत्रका साथै कृषि क्षेत्रसँग सम्बन्धित व्यवसायमा आवद्धताले दिएको अनुभवको आधारमा भन्नुपर्दा 'मटन काजी' जन्मिनुमा कृषि क्षेत्रमा रहेको प्रणालीगत समस्या जिम्मेवार छ । र यी समस्याहरूलाई निराकरण सरकार, राजनैतिक पार्टी, नीतिगत तहले आत्मसात् गरेर कार्यान्वयन नगर्ने हो भने कैयौं 'मटन काजी' जन्मिरहने छन् । वा, विफलतालाई आत्मसात् गरेर समाजबाट पूर्ण रूपमा छायाँमा नै रहनु पऱ्यो वा पलायन हुनु पऱ्यो ।

कृषि क्षेत्रका असफलताहरू बहुआयामिक र संरचनागत प्रकृतिका छन्, जसलाई केवल उत्पादनको कमी वा मौसमको प्रभाव भनेर सीमित रूपमा बुझ्न सकिँदैन । यसको जरा नीतिगत अस्थिरता, कमजोर संस्थागत क्षमता, वित्तीय संरचनाको असन्तुलन र बजार प्रणालीको अव्यवस्थित अवस्थासँग गहिरो रूपमा गाँसिएको हुन्छ । जब दीर्घकालीन कृषि रूपान्तरणका लागि स्पष्ट दृष्टिकोण र निरन्तरता हुँदैन, तब हरेक नयाँ कार्यक्रम अघिल्लोको निरन्तरताभन्दा अलग दिशामा जान्छ । परिणामस्वरूप, स्रोतहरू विखण्डित हुन्छन् र वास्तविक उत्पादन तथा आय वृद्धिमा उल्लेखनीय सुधार देखिँदैन ।

नीतिगत अस्थिरता कृषि असफलताको प्रमुख कारण हो । सरकार परिवर्तनसँगै प्राथमिकता फेरिनु, दीर्घकालीन योजना अधुरै छोडिनु र कार्यक्रमहरू राजनीतिक लोकप्रियताका आधारमा छनोट हुनु सामान्य प्रवृत्ति बनेको छ । कागजमा महत्वाकांक्षी योजना प्रस्तुत भए पनि कार्यान्वयन चरणमा प्राविधिक क्षमता, बजेटको निरन्तरता र प्रभावकारी अनुगमन अभाव देखिन्छ । रासायनिक मल कारखानाको कुरा चल्न थालेको दशकौं भयो तथापि राजनैतिक परिवर्तनसँगै कहिले नेपाल अर्गानिक देश हुनुपर्छ भनेर परियोजना रोकियो त कहिले बिजुलीमा आधारित कि ग्यासमा आधारित भनेर रोकियो, कहिले विकास मोडेल के भनेर रोकियो । कहिले निर्देशित लगानीमा हेरफेरको तरिका त कहिले अनुदानको लक्ष्य र तरिका ।

बजार तथा बजारीकरणको संरचनाको कमजोरी अर्को गम्भीर समस्यामा किसान जुधिरहेका छन् । किसानले उत्पादन गरेपछि उचित मूल्य पाउने सुनिश्चित संयन्त्र कमजोर छ । बिचौलियाको प्रभाव, मूल्य अस्थिरता र निश्चित खरिद सम्झौताको अभावले किसानलाई उत्पादनको समयमा कम मूल्यमा बिक्री गर्न एकातिर बाध्य बनाइरहेको छ भने भण्डारण र कोल्डस्टोर पूर्वाधारको कमीले किसानले उत्पादन सुरक्षित राख्न नसक्दा उत्पादनलाई खेर फाल्नु परेको छ । एकातिर, संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहले भण्डारण र कोल्डस्टोरमा ठूलो अनुदान र लगानी गरेतापनि त्यसले कृषि उपज अनुसार आवश्यक तापक्रम तथा प्राविधिक व्यवस्थापन गर्न नसक्दा खेर गइरहेको छ ।

समयमै गुणस्तरीय बीउ, मल र विषादी उपलब्ध नहुँदा उत्पादन क्षमतामा प्रत्यक्ष असर परिरहेको छ । प्रमाणीकरण र अनुगमन प्रणाली कमजोर हुँदा बजारमा मिसावटयुक्त सामग्री प्रवेश गर्दा किसानले लगानी गरे पनि अपेक्षित उत्पादन प्राप्त नगर्दा उनीहरूको उत्पादन क्षमतामा ह्रास आई आर्थिक अवस्था झन् कमजोर बन्ने, कृषि पेशाप्रति निराशा बढाउने र कृषकहरूलाई अन्य क्षेत्र तथा विदेश पलायनमा जान प्रेरित गरिरहेको छ ।

अनुदान प्रणालीमा देखिने विकृतिले पनि कृषि क्षेत्रलाई कमजोर बनाएको छ । अनुदानको उद्देश्य साना तथा वास्तविक कृषकलाई सशक्त बनाउनु भए पनि व्यवहारमा पहुँच, सम्बन्ध र प्रभावका आधारमा वितरण हुने गरेको आरोप बारम्बार उठ्ने गरेको छ । परिणाम मापनभन्दा वितरण संख्यालाई सफलता ठान्ने प्रवृत्तिले गुणस्तरीय परिवर्तन ल्याउन सकेको छैन । जब अनुदान उत्पादन, बजार पहुँच वा प्राविधिक सुधारसँग शर्तबद्ध हुँदैन, तब त्यो केवल अस्थायी राहतमा सीमित हुन्छ । यसले किसानको आत्मनिर्भरता बढाउनुको सट्टा निर्भरता प्रवृत्ति बलियो बनाउँछ ।

वित्तीय संरचनाको असन्तुलन तथा उधारोको व्यवस्थापनले समस्या थप गम्भीर बनाइरहेको छ । कृषि क्षेत्र जोखिमयुक्त भएकाले बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने कर्जा बाली चक्र र मौसमी नगद प्रवाहसँग मेल नखाने प्रकृतिका हुँदा एकातिर किसानले उत्पादन बेच्नुअघि नै किस्ता तिर्नुपर्ने अवस्था आइरहेको छ भने अर्कोतिर बैंकलाई किसानले बेचेको कृषि उपजको उधारो उठ्न समय लाग्ने तथा उठाउन कठिन हुँदा निष्क्रिय कर्जा बढ्दो क्रममा रहेको र बैंकहरू कृषि क्षेत्रमा लगानी अझ संकुचित बनाउन अवस्था सिर्जना हुँदैछ ।

जमिनको टुक्रेपन र साना जोत संरचनाले कृषिको व्यवसायीकरणमा थप जटिलता थपेको छ, यान्त्रीकरण महँगो परिरहेको छ भने उत्पादन लागत बढेको अवस्थामा आयातित कृषि उपजले बजार पूर्ण रूपमा कब्जा गरेको छ । विगतमा, सहकारी खेती वा जमिन एकीकरणको प्रयास भए पनि व्यापक रूपमा सफल हुनसकेको छैन । यसले उत्पादकता वृद्धि र प्रतिस्पर्धात्मकता दुवैमा अवरोध सिर्जना गरेको छ ।

प्राविधिक विस्तार सेवा र अनुसन्धान प्रणाली पनि अपेक्षाकृत कमजोर छन् । तालिम कार्यक्रमहरू प्राय: एकपटकको गतिविधिमा सीमित हुन्छन् । निरन्तर प्राविधिक सहयोग, डिजिटल सूचना प्रणाली र अनुसन्धानमा कृषकसँगको समन्वय अभावले नयाँ प्रविधि अपनाउने दर कम रहेको छ र अनुसन्धान संस्थाहरूले विकास गरेका प्रविधि खेतसम्म पुग्न नसक्दा नवप्रवर्तनको प्रभाव सीमित रहेको छ ।

यसबाहेक, पटक-पटकका अधुरा कार्यक्रम, ढिला भुक्तानी, अपारदर्शी छनोट प्रक्रिया, र परिणाम नदिने परियोजनाहरूले गर्दा संस्थागत विश्वसनीयता पनि क्रमश: कमजोर बन्दै गएको छ । साथै, कृषिको मूल्य श्रृंखला विकासमा पनि गम्भीर कमी आइरहेको छ । उत्पादनदेखि उपभोक्तासम्मको सम्पूर्ण प्रक्रियालाई एकीकृत रूपमा नहेरी केवल खेतीमा मात्र ध्यान दिंदा समग्र प्रतिस्पर्धात्मकता बढेको छैन । ग्रेडिङ, प्याकेजिङ, ब्रान्डिङ, प्रशोधन र निर्यात तयारी जस्ता चरणहरूमा लगानी न्यून हुँदा कृषिजन्य वस्तु कच्चा रूपमै कम मूल्यमा बिक्री हुँदा मूल्य अभिवृद्धि सीमित बनाइरहेको छ ।

अन्तत:, कृषि क्षेत्रका असफलताहरू आपसमा अन्तरसम्बन्धित छन् । नीतिगत कमजोरीले बजार संरचना कमजोर बनाउँछ, बजार कमजोरीले वित्तीय जोखिम बढाउँछ, वित्तीय जोखिमले लगानी घटाउँछ, र लगानी घट्दा उत्पादकता र आयमा अस्थिरता र आर्थिक गतिविधिमा ह्रास । समग्र रूपमा हेर्दा, कृषि क्षेत्रका असफलताहरू कुनै एक कारणले होइन, परस्पर जोडिएका संरचनागत कमजोरीका कारण उत्पन्न हुन्छन् । नीति, बजार, वित्त, प्रविधि, पूर्वाधार, र सुशासन बीच सन्तुलन कायम नगरी केवल उत्पादन बढाउने लक्ष्य राख्दा अपेक्षित परिणाम आउँदैन ।

समस्या छ भन्दै चुप बस्ने अवस्था अब छैन । नेपालमा कृषि, कृषिमा आधारित उद्योग र यससँग सम्बन्धित सम्पूर्ण व्यवसायको स्थायित्व तथा सफलता सुनिश्चित गर्न सरकार, राजनीतिक नेतृत्व, वित्तीय संस्था, निजी क्षेत्र र कृषक समुदाय बीच समन्वित र प्रतिबद्ध सहकार्य अपरिहार्य छ । आगामी सरकारको नेतृत्व गर्ने राजनीतिक शक्तिहरूले आफ्ना घोषणापत्र, बाचापत्र, प्रतिज्ञापत्रमा उल्लेख गरेको रु.१०० खर्बभन्दा बढीको कुल गार्हस्थ्य उत्पादन पुऱ्याउने लक्ष्यलाई सार्थक बनाउन पनि कृषि क्षेत्रको हिस्सा बढाउनु मात्र होइन, यसलाई अर्थतन्त्रको दिगो र बलियो आधारका रूपमा स्थापित गर्नुपर्ने आवश्यकता छ । त्यसका लागि माथिका समस्या समाधानउन्मुख मात्र होइन दृढ रूपमा कार्य अगाडि बढाउनुपर्ने आजको आवश्यकता हो ।

कृषि क्षेत्रमा उधारो कारोबार र कर्जा व्यवस्थापनलाई व्यवस्थित गर्न सुदृढ कानूनी तथा नीतिगत संरचना अत्यन्त आवश्यक छ । नियमित व्यावसायिक गतिविधिमा हुने उधारो कारोबारलाई अनुशासित, पारदर्शी र सुरक्षित बनाउँदै साना तथा मझौला उद्यमीको आर्थिक सुरक्षाका लागि तयार गरिएको कानूनी मस्यौदालाई यथाशीघ्र संसद्बाट पारित गरी प्रभावकारी कार्यान्वयनमा लैजाने प्राथमिकता हुनुपर्छ । यसले अर्थतन्त्रमा स्वस्थ उधारो संस्कृतिको विकास गरी वित्तीय जोखिम न्यूनीकरण गर्न मद्दत गर्नेछ ।

पूर्वाधारको क्षेत्रमा, मल्टीचेम्बर्ड कोल्ड स्टोरेज प्रणालीको विकास अत्यावश्यक छ । मौसमी उत्पादनको संरक्षण र उत्पादनपछिको नोक्सानी न्यून गर्न प्रत्येक जिल्ला वा कृषि उत्पादन केन्द्रमा आधुनिक भण्डारण सुविधा आवश्यक छ । मल्टीचेम्बर्ड कोल्ड स्टोरेजले भण्डारण क्षमता, कृषि उपजको आधारमा तापमान नियन्त्रण, र उत्पादनको गुणस्तर सुनिश्चित गर्ने र किसानलाई बजार मूल्य अस्थिरताबाट बचाउँछ । यस प्रकारको पूर्वाधारमा सार्वजनिक-निजी साझेदारी, स्थानीय सहकारी र निजी लगानीलाई प्रोत्साहित गरेर दिगो सञ्चालन सुनिश्चित गर्न सकिन्छ ।

यससँगै, विगतमा अनुदानमा देखिएका समस्यालाई वैज्ञानिक बनाउन उत्पादनमा आधारित प्रोत्साहन योजना लागू गर्नु जरूरी छ । उत्पादन वृद्धि, गुणस्तर सुधार र प्रविधि अपनाउन प्रेरित गर्ने परिणाममुखी अनुदान प्रणालीले कृषि र साना व्यवसायमा मूल्य अभिवृद्धि तथा प्रतिस्पर्धात्मकता बढाउँछ । गुणस्तरीय बीउ, मल, आधुनिक प्रविधि र यान्त्रीकरणमा लगानी बढाउन यस्ता योजनाले दीर्घकालीन सकारात्मक प्रभाव पार्नेछ ।

सरकारी स्वामित्वका वा सार्वजनिक जग्गा तथा नदी उकास क्षेत्रह जस्तै बागमती, कमलामाई, कोशी आसपासका क्षेत्रहरूमा ठूलो परिमाणमा कृषि परियोजना, कृषि-आधारित औद्योगिक क्षेत्र र सौर्य ऊर्जा परियोजना सार्वजनिक-निजी साझेदारी मोडेलमा सञ्चालन गर्न सकिन्छ । यसले कृषि प्रणालीलाई संरचनागत रूपमा सुदृढ बनाउने, नयाँ बाली तथा बीउको व्यावहारिक परीक्षण सहज बनाउने, क्षेत्र अनुसार विशिष्ट उत्पादन (जस्तै मुस्ताङ/मनाङमा स्याउ, तराईमा हरियो तरकारी, जुम्लामा ओखर) प्रवर्द्धन गर्ने तथा कृषिमा ऊर्जा आत्मनिर्भरता बढाउने अवसर सिर्जना गर्नेछ ।

रासायनिक मल कारखानाको स्थापना पनि दीर्घकालीन कृषि आत्मनिर्भरताका लागि अनिवार्य छ । उपयुक्त विकास मोडालिटी र वित्तीय संयन्त्र अपनाई आगामी एक वर्षभित्र निर्माण प्रक्रिया अघि बढाउने स्पष्ट प्रतिबद्धता आवश्यक देखिन्छ । समग्रमा, दिगो सुधारका लागि बहुआयामिक दृष्टिकोण र सहकार्य अपरिहार्य छ, स्थिर नीति, पारदर्शी र परिणाममुखी अनुदान, बजारकेन्द्रित मूल्य श्रृंखला, मौसमी अनुकूल कर्जा संरचना, पूर्वाधारमा लगानी, प्रभावकारी अनुसन्धान तथा विस्तार सेवा, र सुशासन सुनिश्चितता । यी सबै पक्षलाई एकीकृत रूपमा कार्यान्वयन गर्दै सरोकारवाला सबैले साझा संकल्प गरौं- अब नेपालमा अर्को मटन काजी जन्मिने छैन ।

*(साभार: अनलाइनखबर)*

# सत्य घटनामा आधारित एक किस्सा

✍प्रेममान डंगोल

घटना भारतको गोकुल क्षेत्रको हो । गोकुलको नजिकै एक गाउँमा एउटी महिला थिइन् । उनको नाम थियो आनन्दी बाई । हेर्दा उनी यति कुरुप थिइन् कि उनलाई देखेर सबै डराउँथे । गोकुलमा उनको विवाह भयो, विवाह हुनुअगाडि उनका पतिले उनलाई देखेका थिएनन् । विवाहपछि उनको कुरुपता देखेर उनका पतिले उनलाई पत्नीको रुपमा राख्न सकेनन् र छोडेर दोस्रो विवाह गरे । आनन्दीले आफ्नो कुरुपताको कारण भएको अपमानलाई सहेर पचाइन् अनि निश्चय गरिन् कि अब म गोकुललाई नै आफ्नो घर बनाउँछु ।

आनन्दी बाई गोकुलकै एक घरको सानो कोठामा रहन थालिन् । घरमै मन्दिर बनाएर कृष्णको मूर्ति स्थापना गरी पूजा गर्थिन् । उनी स्थापित श्रीकृष्णको मूर्तिसँग बिहान-बेलुका कुराकानी पनि गर्थिन् । उनैसँग रिसाउँथिन्, फेरि खुसाउँथिन् । दिनमा साधुसन्तको सेवा गरी प्रवचन श्रवण गर्थिन् । यस प्रकार कृष्णभक्ति एवं साधुसन्तको सेवामा नै उनको दिन बित्न थाल्यो ।

एकदिनको कुरा हो, गोकुलको गोपेश्वरनाथ नामक स्थानमा श्रीकृष्ण लीलाको आयोजना गर्ने निश्चित गरियो । त्यसका लागि विभिन्न पात्रहरुको चयन हुन लाग्यो । पात्रको चयनको समयमा आनन्दी बाई पनि त्यहीं थिइन् । अन्त्यमा कुब्जा पात्रको कुरा चल्यो । त्यस समयमा आनन्दी बाईका पति पनि आफ्नो दोस्री पत्नी र बच्चाका साथ त्यहाँ उपस्थित थिए । उनले आनन्दी बाईको खिल्ली उडाउँदै आयोजकहरुका सामु प्रस्ताव राखे- 'अगाडि यो जुन महिला उभिएकी छे, ऊ कुब्जाको भूमिका राम्ररी निभाउन सक्छे, उसैलाई भन्नुस् । यो पात्र त उसैलाई सुहाउँछ, यो त साँच्चिकै कुब्जा पनि हो ।'

आयोजकहरुले आनन्दी बाईलाई हेरे । उनको कुरुप अनुहार र कुब्जा देखेर कुब्जाको भूमिकाको लागि मन पराए । आयोजकहरुले आनन्दी बाईलाई कुब्जाको पात्रको भूमिका निभाउन आग्रह गरे । श्रीकृष्णको लीलामा उनले भूमिका निभाउन सहर्ष स्वीकृति जनाइन् । श्रीकृष्णको पात्रमा भने एक आठ वर्षीय थियो ।

क्रमश: पृष्ठ-३....

# द्वन्द्वको चपेटामा खाडी मुलुक, त्रासमा नेपाली

काठमाडौं/अमेरिका र इजरायलले गरेको आक्रमणको बदलामा इरान पनि प्रत्याक्रमणमा उत्रिएपछि मध्यपूर्वमा तनाव बढेको छ । खासगरी खाडी मुलुकहरूमा रहेका अमेरिकी अड्डालाई इरानले निशाना बनाएको छ । इरानले बहराइन, कतार, कुवेत, यूएई, साउदी अरब, जोर्डनलगायतका देशमा भएका अमेरिकी हवाई अड्डामा आक्रमण गरेको इरानी सञ्चार माध्यमहरूले जनाएका छन् ।

आक्रमणपछि सम्बन्धित देशका सरकार र ती देशमा रहेका नेपाली दूतावासहरूले अलग-अलग सूचना जारी गर्दै अवस्था सामान्य नहुन्जेल अनावश्यक रूपमा घर बाहिर ननिस्कन आह्वान गरेका छन् । साथै, सतर्क अवस्थामा रहन र सरकारी निकायको आधिकारिक सूचनालाई फलो गर्न पनि उनीहरूले भनेका छन् । काठमाडौंस्थित परराष्ट्र मन्त्रालयले पनि आज एक विशेष 'ट्राभल एडभाइजरी' जारी गर्दै इजरायल र इरानमा रहेका नेपालीहरूलाई घरभित्रै बस्न र स्थानीय सुरक्षा निकायको निर्देशन पालना गर्न आग्रह गरेको छ ।





### दुबईमा केही घाइते, कतारमा पनि विस्फोट

बहराइनको आन्तरिक मन्त्रालयका अनुसार, राजधानी मनामाका धेरै आवासीय भवनहरूमा आक्रमण भएको छ । प्रभावित स्थलहरूमा सिभिल डिफेन्स (नागरिक सुरक्षा टोली) ले आगो निभाउने र उद्धार कार्य जारी राखेको मन्त्रालयले बताएको छ ।

मन्त्रालयले यस आक्रमणको कारण वा यसबाट भएको मानवीय क्षतिको बारेमा तत्काल कुनै विस्तृत विवरण दिएको छैन । उता, दुबईका अधिकारीहरूले पाम जुमेराह क्षेत्रको एउटा भवनमा एउटा घटना भएको र त्यसमा परी केही व्यक्ति घाइते भएको पुष्टि गरेका छन् । दुबई मिडिया अफिसले एक विज्ञप्तिमा भनेको छ, 'आपतकालीन उद्धार टोलीहरूलाई तत्काल खटाइएको थियो र घटनास्थललाई सुरक्षित गरिएको छ । त्यहाँ लागेको आगो अहिले नियन्त्रणमा आइसकेको कुरा दुबई सिभिल डिफेन्सले पुष्टि गरेको छ ।'

विज्ञप्तिमा थपिएको छ, 'हाम्रो राष्ट्र र यसलाई आफ्नो घर मान्ने सबैजना सुरक्षित रहुन् ।' बीबीसीका अनुसार, इरानी सरकारी सञ्चारमाध्यमले दुबईमा आक्रमण भएको बताएपछि यस क्षेत्रमा धुवाँ उडिरहेको तस्बिरसहित प्रत्यक्षदर्शीको विवरण आएको थियो । पाम जुमेराह एउटा मानव-निर्मित टापुहरूको समूह हो, जुन आफ्ना विलासी होटलहरूका लागि प्रख्यात छ । यसैबीच, कतार सरकारले देशवासीलाई अवस्था सामान्य नभएसम्म घरभित्रै बस्न आग्रह गरेको छ । आन्तरिक मन्त्रालयले गरेको पछिल्लो अपडेट अनुसार, इरानी आक्रमणको बीचमा देशका नागरिक तथा बासिन्दाहरूलाई 'घरभित्रै बस्न' आग्रह गरेको हो ।

सामाजिक सञ्जालमा गरिएको एउटा पोस्टमा मन्त्रालयले भनेको छ, 'झ्याल र खुला ठाउँहरूबाट टाढा रहनुहोस्, र अवस्था सामान्य नहुन्जेल अति आवश्यक अवस्थामा बाहेक घरबाट बाहिर ननिस्कनुहोस् ।' नेपाली समयअनुसार राति ९:४० तिर कतारको दोहामा तीन ठूला विस्फोटनका आवाज सुनिएका छन् । यसैबीच, कुवेतमा भएको आक्रमणमा पर १२ घाइतेहरूलाई अस्पताल पुर्याइएको समाचार संस्था रोयटर्सले जनाएको छ ।

### कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा आक्रमण

नेपाल पत्रकार महासै कुवेतका अध्यक्ष राज मल्लका अनुसार स्थानीय समयअनुसार शनिबार साँझ ६ बजे कुवेत अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल नम्बर एकमा ड्रोन आक्रमण भएको छ । आक्रमणबाट भवनमा क्षति पुगेको र केही मानिस सामान्य घाइते पनि भएका छन् ।

त्यसअघि कुवेतको अली अल-सालेम एयर बेसलाई लक्षित गरी ब्यालेस्टिक मिसाइल आक्रमण भएको थियो । तर ती आक्रमणलाई कुवेतको हवाई रक्षा प्रणालीले रोकेको थियो । रोकथामको क्रममा मिसाइलका टुक्रा र अवशेष बेसवरिपरि छरिएका तर क्षति नपुगेको बताइएको छ । यस तनावका कारण स्वास्थ्य, खाद्यान्न आपूर्ति लगायतका क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ ।

### त्रासमा नेपाली

नेपाल सरकार र विभिन्न आप्रवासन संस्थाहरूको पछिल्लो तथ्याङ्कअनुसार खाडीका ६ प्रमुख मुलुकहरूमध्ये यूएईमा सबैभन्दा धेरै ६ लाखभन्दा बढी नेपालीहरू छन् । कतारमा करिब ५ लाख नेपालीहरू रहेको अनुमान छ । साउदी अरबमा करिब ४ लाख ५० हजार, कुवेतमा १ लाख २० हजार तथा बहराइन र ओमानमा ५० हजारभन्दा बढी नेपालीहरू रहेको अनुमान छ । यसबाहेक, इजरायलमा करिब ५ हजार नेपालीहरू 'केयर गिभर' र कृषि क्षेत्रमा कार्यरत छन् ।

खाडी मुलुकहरू नेपालीका लागि वैदेशिक रोजगारीका प्रमुख गन्तव्यहरू हुन् । मध्यपूर्वमा पछिल्लो २४ घण्टामा विकसित सैन्य तनावका कारण खाडी मुलुकहरूमा कार्यरत नेपालीहरूको सुरक्षालाई लिएर गम्भीर चिन्ता उत्पन्न भएको छ । इजरायल र इरानबीचको प्रत्यक्ष सैन्य टकराव र खाडी क्षेत्रका अमेरिकी सैन्य अखडाहरूलाई लक्षित गरी भएका आक्रमणका प्रयासले वैदेशिक रोजगारीमा रहेका नेपालीहरू प्रत्यक्ष जोखिममा परेका छन् । विशेषगरी खुला स्थानमा निर्माण कार्यमा संलग्न र सुरक्षा गार्डको रूपमा कार्यरत नेपालीहरू बढी जोखिममा देखिएको त्यहाँ रहेका नेपालीहरू बताउँछन् । गैरआवासीय नेपाली सै कुवेत र नेपाल पत्रकार महासै कुवेत शाखाले छुट्टाछुट्टै सूचना जारी गरेर हटलाइन सम्पर्क नम्बरहरू सार्वजनिक गरेका छन् ।

साथै कुवेत सरकार तथा सम्बन्धित सुरक्षा निकायबाट जारी आधिकारिक सूचना मात्र विश्वास गरी पालना गर्न, सकेसम्म घरभित्र सुरक्षित रहन, अनावश्यक रूपमा बाहिर ननिस्किन, नेपाल वा अन्य मुलुकमा यात्रा गर्नेहरूले सम्बन्धित एयरलाइन्सको वेबसाइट वा टिकट एजेन्टमार्फत जानकारी लिएर मात्र यात्रासम्बन्धी निर्णय लिन अनुरोध गरेका छन् ।

### काठमाडौंबाट हुने उडान प्रभावित

मध्यपूर्वको आकाश असुरक्षित भएपछि काठमाडौंबाट दोहा, दुबई, रियादलगायतका गन्तव्यका लागि हुने उडानहरू आज प्रभावित भएका छन् । उडान रोकिँदा सयौंको संख्यामा नेपालीहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अलपत्र परेका थिए । पछिल्लो तनावका कारण बिदामा स्वदेश फर्किन चाहने र आपत्कालीन उद्धारको पर्खाइमा रहेका नेपालीहरू समेत अलपत्र पर्ने जोखिम बढेको छ ।

नेपाल सरकारले हालसम्म कुनै पनि मुलुकबाट सामूहिक उद्धारको ठोस योजना सार्वजनिक नगरे पनि दूतावासहरूलाई 'हाई अलर्ट' मा राखिएको जनाएको छ । आप्रवासन विज्ञहरूका अनुसार, खाडी मुलुकमा द्वन्द्व चर्किएमा नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने रेमिट्यान्स मात्र ठप्प हुनेछैन, बरु २० लाख नेपालीको सुरक्षित फिर्ती सरकारका लागि ठूलो चुनौती बन्ने जोखिम छ । परराष्ट्र मन्त्रालयले खाडी क्षेत्रमा रहेका नेपालीहरूलाई समस्या परेमा सम्बन्धित नेपाली दूतावासमा सम्पर्क गर्न र सामाजिक सञ्जालमा आउने अपुष्ट हल्लाको पछि नलाग्न आग्रह गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# पोस्टर रिलिजसँगै अमेरिका र क्यानडामा बिक्यो 'परालको आगो'






काठमाडौं/आगामी बैशाख ११ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'परालको आगो'को बिहीबार फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको थियो । सौगात मल्ल, प्रकाश सपूत र सुहाना थापालाई पात्र लुक्समा प्रस्तुत गरिएको पोस्टरले दर्शकमा उत्सुकता बढाएसँगै विदेशमा फिल्मको माग ह्वात्तै बढेको छ । शुक्रबार मात्र दुई देशमा फिल्म बिक्री भएको छ ।

नेपालीहरूको उल्लेख्य बसोबास रहेको क्यानडा र अमेरिकामा फिल्म बिक्री भएको निर्माता सुशील पोखरेलले जानकारी दिए । उनका अनुसार 'इएनटी' कम्पनीले दुई देशका लागि फिल्मको प्रदर्शन अधिकार खरिद गरेको हो । तर, वितरण अधिकारको मूल्य भने उनले खुलाएका छैनन् । फिल्मलाई नेपालकै मितिमा अमेरिका र क्यानडामा प्रदर्शन गरिने जनाइएको छ ।

लक्ष्मण सुनारको निर्देशनमा बनेको यस फिल्ममा सौगात, प्रकाश र सुहानासहित सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने, मन्जिला बाँनिया लगायतका कलाकारहरूले अभिनय गरेका छन् । हरिओम सिने मेकर्सको ब्यानरमा निर्माण भएको यो फिल्ममा सुशील देवकोटाको लेखन रहेको छ ।

कथाकार गुरुप्रसाद मैनालीको 'नासो' कथासङ्ग्रहमा सङ्गहित 'परालको आगो'बाट प्रेरित भनिएको यस फिल्ममा संकल्प भुजेलको छायांकन, मिलन श्रेष्ठको सम्पादन, रामजी लामिछानेको नृत्य निर्देशन, कनाल कँवरको रंग संयोजन तथा शान्ती ठटाल, सत्य-स्वरुप र प्रकाश सपूतको संगीत रहेको छ । श्रीमान्-श्रीमती चामे र गौंथलीको झैंझगडालाई फिल्ममा प्रस्तुत गरिएको छ ।

# 'महिला निर्देशकलाई विश्वास गर्ने बजारको खाँचो'

काठमाडौं/नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) को नवौं संस्करणको तयारी तीव्र भइरहेको छ । नयाँ संस्करण १९ चैतदेखि २३ गतेसम्म हुन लागेको छ । तयारीअनुसार, अहिले महोत्सवका कार्यक्रम धमाधम भैरहेका छन् । यस अन्तर्गत निफले फिल्मसँग सम्बन्धित विभिन्न व्यक्तित्वसँग अन्तक्रिया कार्यक्रम गरिरहेको छ ।



नक्सालस्थित कान्तिपुर थिएटरमा 'हर सिनेमा, हर भ्वाइस' शीर्षकमा तीन महिला फिल्मकर्मी समुन्द्र भट्ट, उषा रजक र संगीता श्रेष्ठसँग अन्तर्क्रिया गर्‍यो । महोत्सव अध्यक्ष केपी पाठकका अनुसार महिला फिल्म निर्देशकले भोग्नु परेको समस्या उजागर गर्न कार्यक्रम राखिएको हो ।

उनले भने, 'पुरुषप्रधान भनिँदै आएको नेपाली फिल्म क्षेत्रमा महिला निर्देशकले लिंगकै कारण कस्ता समस्या भोग्ने रहेछन् भन्ने कुरा उनीहरूबाटै सुनाउन खोजिएको हो । उनीहरूको आवाज बहसमा विकास होस् भन्ने हाम्रो उद्देश्य हो ।' कार्यक्रममा उनीहरूले कामका दौरान महिला भएकै कारण आफूहरूले भोगेको 'अपमान' र कठिनाइ सेयर गरे । संगीता श्रेष्ठले महिला निर्देशकको बौद्धिकता र रचनात्मक क्षमताको कदर नभएको गुनासो सुनाइन् ।

श्रेष्ठले भनिन्, 'एउटा भिडियो वा फिल्म तयार हुन्छ तर, त्यसको जस महिला निर्देशकले पाउँदैनन् । 'क्यामेराम्यानले खिचिदियो होला, सम्पादकले भिडियो तयार गर्‍यो होला । त्यसले के भूमिका छ र ?' भन्ने कुरा सुनिन्छ । यो महिला निर्देशकको क्षमतालाई शून्यमा झार्ने काम हो ।'

महिला भएकै कारण आफूले छायाङ्कन स्थलमा निर्देशकको दर्जा नपाएको समुन्द्र भट्टले सुनाइन् । उनले भनिन्, 'एक फिल्मको सुटिङ सकिएपछि निर्माता र क्यामेराम्यानले अनुमति बिना नै अर्को पुरुष निर्देशक खोजेर बेड सिन खिच्नुभएको छ, जुन फिल्ममा म निर्देशक थिएँ ।'

यस विषयको प्रतिकार गर्दा आफूलाई बदनाम गराउने प्रयास भएको उनको दाबी छ । अर्को फिल्ममा भिडियो सम्पादकले 'एक साता घरमा गएर सुत्नू, बुहारी मान्छे, म आफैं फिल्म सम्पादन गर्छु' भनेर रचनात्मक अधिकार र पदीय मर्यादाको सम्मान नगरेको उनले सेयर गरिन् ।

महिला निर्देशकलाई विश्वास गर्ने बजारको खाँचो रहेको उनीहरूको भोगाइ छ । निर्देशक उषा रजकले सेयर गरिन्, 'महिला निर्देशकलाई बजारले पत्याउँदैन । स्पोन्सर र लगानीकर्ता भेट्नै सकिँदैन ।' यही विषयसँग सम्बन्धित अर्को यथार्थ समुन्द्रले सेयर गरिन् । 'बजारमा महिला निर्देशकको प्रोजेक्टमा लगानी गर्ने निर्माता पाइँदैनन् । मैले आफ्नै श्रीमानलाई निर्माता बनाउँदा, 'मूर्ख बुढाको सम्पत्ति सकाउने भई' भन्ने टिप्पणी गरेको सुनेको छु ।'

फिल्म क्षेत्रमा महिला निर्देशकको बौद्धिकता र रचनामा अविश्वास प्रमुख समस्या रहेको उनीहरूको भनाइ छ । महिला भएका कारण सहकर्मीबाट अपमानजनक व्यवहार खेप्नुपर्ने दु:खद विषय रहेको उनीहरूले भोगाइ सुनाए । 'हर सिनेमा, हर भ्वाइस' निफको दोस्रो 'प्री-इभेन्ट' अन्तक्रिया कार्यक्रम हो । यसअघि 'द न्यू वेभ इन नेपाली सिनेमा' शीर्षकमा अन्तर्क्रिया गराएको थियो, जहाँ युवा फिल्म मेकरबीच अन्तक्रिया भएको थियो ।

### फिल्म लेखकलाई सघाउन "निफ फिचर पिच"

निफले लेखकलाई प्रोत्साहन गर्ने उद्देश्यले 'निफ फिचर पिच' शीर्षकको कार्यक्रम तय गरेको छ । 'निर्माताको खोजीमा रहेका लेखकका लागि अवसर' बन्न सकोस् भन्ने उद्देश्यले यो कार्यक्रम राखिएको अध्यक्ष पाठकले बताए । उनले भने, 'यो कार्यक्रममा लेखकले आफ्नो कथा निर्मातालाई सुनाउन पाउनेछन् । हामी लेखकलाई कथा सुनाउने मञ्च दिन्छौं, जहाँ निर्माताको उपस्थिति रहनेछ ।'

यो कार्यक्रम निफको तेस्रो दिन अर्थात् चैत २१ गते हुने निफले बताएको छ । यसका लागि लेखकले मार्च २० भित्र निफमा आवेदन दिइसक्नुपर्ने छ । युवालाई महोत्सवसँग जोड्ने उद्देश्यले 'फ्रेम योर फ्यूचर' शीर्षकको प्रतियोगिता ल्याइएको छ । प्रतियोगितामा सहभागी हुन आफ्नो कथामा दुई मिनेटको भिडियो बनाउनुपर्ने छ ।

विजेताले १५ हजार, उपविजेताले १० हजार र तेस्रो हुनेले ५ हजार नगद पुरस्कार जित्नेछन् । प्रतियोगितामा सहभागी हुनका लागि चैत ११ सम्म आवेदन दिन सकिने निफले जनाएको छ ।

# रास्वपाको बेवास्ताले असन्तुष्ट थिए बाबुराम

गोरखा/डा. बाबुराम भट्टराई आबद्ध प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले गोरखाको दुवै निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ नेपाली कांग्रेसलाई सहयोग गर्ने निर्णय सार्वजनिक भएसँगै जिल्लाको चुनावी माहौल थप तंरगित बनेको छ । सामाजिक सञ्जालमा मिश्रित खालका टीकाटिप्पणी आइरहेका छन् ।

भट्टराईको उम्मेदवारी फिर्तासँगै गोरखाका दुवै निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ प्रलोपा उम्मेदवार विहीन बनेको थियो । सोही कारण प्रलोपाको मत आफ्नो पक्षमा पार्न अन्य दल प्रयासरत देखिन्थे । विशेष गरी राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कम्युनिस्ट पार्टी र कांग्रेसले प्रयास गरिरहेका थिए । धेरैको अड्कल प्रलोपाले रास्वपालाई सहयोग गर्छ भन्ने थियो । तर, प्रलोपाले कांग्रेसलाई समर्थन गर्ने निर्णय बाहिरिएको छ ।

विगतमा कांग्रेससँग हुँदै आएको सहकार्य यस पटक पनि निरन्तरता दिएको प्रलोपाले बताए पनि भित्री कुरा भने अर्कै रहेको स्रोतको दाबी छ । मुख्यत: भट्टराई र प्रलोपा पछिल्लो समय रास्वपासँग असन्तुष्ट रहेको बताइन्छ ।

यसको कारण फागुन २१ को चुनावसँगै जोडिएको छ । गोरखा-२ मा उम्मेदवारी दिँदा भट्टराईले रास्वपाको साथ खोजेका थिए । रास्वपाकै समर्थनमा चुनाव लड्न चाहन्थे । जेनजी आन्दोलनपछि उनले राजनीतिमा सक्रियता बढाउनुको कारण पनि त्यही थियो ।

जेनजी आन्दोलनपश्चात् नयाँ पार्टीहरू एकसाथमा आउनुपर्ने पक्षमा उभिएर भट्टराईले रवि लामिछानेदेखि बालेन शाहसम्मलाई भेटेर एक हुन आह्वान पनि गरेका थिए । जेनजी आन्दोलनपछि सुशीला कार्की प्रधानमन्त्री बन्दा शपथग्रहण समारोहमा पनि उनी पुगेका थिए । त्यसपछिका अन्य संवादका क्रममा पनि उनी जोडिँदै आएका थिए ।

वैकल्पिक शक्तिका बिचमा सक्रिय भएर अभिभावकीय भूमिका खेल्ने भट्टराईको चाहना थियो । त्यो प्रस्ताव स्वयं रास्वपाले राख्दा उनी फागुन २१ को चुनाव लड्न हौसिएका थिए । त्यही हौसलाका आधारमा उनले गोरखा-२ मा उम्मेदवारी दर्ता गराएका थिए । तर, रास्वपाले उनलाई समर्थन गर्न चाहेको देखिएन । उल्टै रास्वपाबाट महामन्त्री कवीन्द्र बुर्लाकोटी प्रतिस्पर्धी भएर मैदानमा उत्रिए ।

त्यसपछि भने २०६४ सालमा देशमै सर्वाधिक लोकप्रिय मत पाएका भट्टराई अलमलमा परे । यद्यपि उनले उम्मेदवारी दर्तापछि पनि केही दिन रास्वपासँग छलफलको प्रयास गरेका थिए । रास्वपाले उनको प्रयासलाई बेवास्ता गरिदियो । रास्वपा भट्टराईसँग औपचारिक छलफल गर्नसमेत तयार देखिएन ।

'रास्वपासँग गोरखा-२ मा हामीलाई सहयोग गरे हामी गोरखा-१ मा सहयोग गर्छौं भन्ने प्रस्ताव गरेका थियौं,' प्रलोपाका नेता यानप्रसाद भट्टले भने, 'तर उहाँहरू मान्नुभएन । रास्वपाले अरू दलको अस्तित्व स्वीकार गर्न सकेको देखिएन ।' रास्वपाको साथ दिने संकेत नदेखेपछि अन्तत: भट्टराई 'ब्याक' भएर उम्मेदवारी फिर्ता लिए । भट्टराईसँगै प्रलोपाले गोरखा-१ बाट पनि प्रत्यक्षतर्फको उम्मेदवारी फिर्ता लिएको थियो ।

भट्टराईले उम्मेदवारी फिर्ता लिँदा पछि रास्वपाको सहयोगमा राष्ट्रपति बनाउने चर्चासमेत चलेको थियो । त्यसपछि त्यही किसिमले रास्वपाले छलफल गर्ने आशा भट्टराईमा थियो । तर रास्वपाले त्यसपछि पनि संवाद गर्न चाहेन । त्यसपछि भने रास्वपाले भट्टराई र पार्टीकै अपमान गरेको अनुभूति गरेको प्रलोपाले कांग्रेसलाई समर्थन गर्ने मनस्थिति बनाएर निर्णयमा पुगेको स्रोतको दाबी छ ।

यो निर्णय जिल्ला स्तर बाटै भएको प्रलोपा जिल्ला अध्यक्ष नारायण खत्री बताउँछन् । 'उम्मेदवारी थुतेर गएपछि जिल्लाबाटै मिलाउनु म हस्तक्षेप गर्दिनँ भनेर बाबुरामजी जानुभएको हो । आवश्यकताअनुसार हामीले जिल्ला स्तरबाटै सहकार्यको निर्णय गरेका हौं,' खत्रीले भने । पूर्व प्रधानमन्त्री समेत रहेका भट्टराईले कांग्रेससँगको सहकार्यलाई आफूले सकारात्मक रूपमा हेरेको बताए । 'म प्रलोपाको कार्यकारी भूमिकामा छैन । अभिभावक र शुभचिन्तक मात्र हुँ,' संचारकर्मीसँग कुरा गर्दै उनले भने, 'स्थानीय स्तरको आवश्यकतालाई हेरेर जिल्लाले निर्णय गर्ने छुट पार्टीले दिएको छ । त्यहीअनुसार निर्णय गर्‍यो, त्यसमा मेरो सद्भाव छ ।' रास्वपासँगको असन्तुष्टिबारे भने उनले बोल्न चाहेनन् ।

प्रलोपाको साथले दुवै निर्वाचन क्षेत्रमा जित सुनिश्चित भएको भन्दै कांग्रेस भने हौसिएको छ । 'हामी जितको नजिक-नजिक थियौं,' कांग्रेस जिल्ला सचिव किशोर जंग थापाले भने, 'प्रलोपाको समर्थनले अत्यधिक मतसहित जित्ने भयौं ।' विगतमा पनि प्रलोपासँग सहकार्य हुँदै आएको बताउँदै उनले यसपटकको सहकार्यले थप उत्साह थपेको जिकिर गरे ।

गोरखामा प्रलोपाको संगठन मजबुत नभए पनि भट्टराईको हकमा सहानुभूति र विश्वास गर्ने जनमत ठुलो छ । पछिल्लो समय उनका अधिकांश समर्थक रास्वपा, नेकपालगायतका दलमा विभक्त भइसकेका छन् । भट्टराईले २०६४ र २०७० को संविधानसभा निर्वाचनमा तत्कालीन माओवादीबाट गोरखा-२ मा अत्यधिक मतका साथ जितेका थिए । २०७४ मा भने नयाँ शक्ति पार्टी बनाएका उनले कांग्रेससँगको गठबन्धनबाट जित निकालेका थिए । २०७९ को चुनावमा उनले तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई गोरखा-२ छाडेका थिए ।

यस निर्वाचनमा गोरखा-२ मा कांग्रेसबाट प्रकाशचन्द्र दवाडी, एमालेबाट मिलन गुरुङ 'चक्रे मिलन', नेकपाबाट लेखनाथ न्यौपाने र रास्वपाबाट कवीन्द्र बुर्लाकोटीबीच मुख्य प्रतिस्पर्धा हुँदै छ ।

यस्तै गोरखा-१ मा कांग्रेसका प्रेमकुमार खत्री, एमालेका रामचन्द्र लामिछाने, नेकपामा हरि राज अधिकारी र रास्वपाका सुधन गुरुङ प्रतिस्पर्धामा छन् ।

*(स्रोत: अनलाइनखबर)*

# अन्तर्राष्ट्रिय उडान रद्द भएपछि त्रिभुवन विमानस्थलमा यात्रुको बिचल्ली

काठमाडौं/हवाई उडानमा प्रतिबन्ध लगाइएका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट विभिन्न सातवटा अन्तर्राष्ट्रिय विमानस्थलमा हुँदै आएका अन्तर्राष्ट्रिय उडान रद्द भएका छन् ।

शारजहा, दोहा, दुबई, कुवेत सिटी, आबुधाबी, कतार तथा दमाम विमानस्थलमा हवाई उडानमा प्रतिबन्ध लगाइएका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आज दिउँसो र रातिका सबै उडान रद्द गरिएका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा महाप्रबन्धक टेकनाथ सिटौलाले जानकारी दिए ।

उनले भने, 'शारजहा, दोहा, दुबई, कुबेतसिटी, आबुधाबी, कतार र कतार विमानस्थलमा हवाई उडानमा प्रतिबन्ध लगाइएकाले नेपालबाट दिउँसो र राति हुने सबै उडान रद्द गरिएका छन् । उडानहरू कहिले खुल्छन् भन्नेबारे अर्को निर्णय भएपछि जानकारी गराइने छ ।'

यसैगरी, यात्रुलाई आफ्नो उडानका लागि विमानस्थल जानुभन्दा अगाडि सम्बन्धित वायुसेवा कम्पनीमा सम्पर्क गरेर मात्र जान विमानस्थल कार्यालयले आग्रह गरेको छ ।

# सत्य घटनामा आधारित...

आनन्दी बाई घरमा आएर श्रीकृष्णको मूर्तिसामु विह्वलताका साथ हेर्न लागिन् र मनैमन विचार गर्न थालिन्- 'मेरो कन्हैया आउँछन् र मेरा खुट्टामा आफ्ना खुट्टा राख्छन् अनि मेरो कुब्जा ढाड समातेर मलाई माथि हेर्न भन्नेछन् ।' यसरी अनन्दी बाई नाटकको दृश्यको कल्पनामा हराउन पुगिन् ।

आखिर श्रीकृष्ण लीला रङ्गमञ्चमा अभिनय गर्ने समय आयो । लीला हेर्न धेरै मानिस जम्मा भए । श्रीकृष्णको मथुरा गमनको प्रसंग चलिरहेको थियो, नगरको राजमार्गमा श्रीकृष्ण हिँडिरहेका थिए, बाटोमा कुब्जा भेट भयो । नाटकमा आठ वर्षीय बालक जो श्रीकृष्णको अभिनय गरिरहेका थिए, उनले कुब्जा बनेकी आनन्दी बाईको खुट्टामा आफ्नो खुट्टा राखे र उनको ढाड समातेर माथि उठाए तर यस्तो चमत्कार भयो कि कुरुप कुब्जा एकदम सामान्य नारीको स्वरुपमा परिणत भइन् । त्यहाँ उपस्थित सबै दर्शकहरुले यस प्रसंगलाई अचम्मित भई हेर्न थाले ।

आनन्दी बाईको कुरुपताका बारेमा सबैलाई थाहा थियो । अब उनको कुरुपता बिल्कुल गायब भइसकेको थियो । यो देखेर सबै एक-आपसमा अविश्वास भावले हेरि रहेका थिए । आनन्दी बाई भावविभोर भएर कृष्णमै हराइरहेकी थिइन् । यो थाहा पाएर सबै मानिस कौतुहलवश उनलाई हेर्न आए । यदि कसैले केही सोधेमा एउटै जवाफ दिन्थिन्- 'मेरो कन्हैयाको लीला कन्हैयाले नै जानून् ।'

आनन्दी बाईले आफ्ना पतिलाई धन्यवाद दिन पछि परिनन् । यदि आनन्दी बाईको कुरुपताका कारण पतिले नछोडेका भए श्रीकृष्णमा उनको भक्ति कसरी जाग्थ्यो ? श्रीकृष्ण लीलामा कुब्जाको पात्रको चयनको लागि उनको नाम पनि उनकै पतिले सिफारिस गरि दिएका थिए । यसका लागि पनि उनको आभार थियो पतिलाई । प्रतिकूल परिस्थितिमा पनि भगवान्को देन मानेर धन्यवाद दिँदा सो प्रतिकूल परिस्थितिसमेत उन्नतिकारक हुन जान्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# प्रदेश र स्थानीय तहको अनुदान कटौती गर्न मिल्दैन: वित्त आयोग

साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण अनुदान कटौती नगर्न केन्द्र सरकारको ध्यानाकर्षण गराएको छ ।

चालु आर्थिक वर्षको प्रथम छ महिनामा सरकारले लक्ष्य अनुसार राजस्व संकलन गर्न नसकेपछि प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण शीर्षकको अनुदान कटौती गर्ने निर्णय गरेको थियो । महालेखा नियन्त्रक कार्यालयले गत माघ २७ गते सबै कोष तथा लेखानियन्त्रक कार्यालयलाई परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्ताबापतको रकम कटौती गर्न निर्देशन दिएको थियो । आयोगले वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने अधिकार संविधान अनुसार आफूमा निहीत रहेको स्पष्ट पारेको छ ।




‘संवैधानिक व्यवस्थामा निहीत अधिकार प्रयोग गरी आयोगले आर्थिक वर्ष २०८२/८३ का लागि संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गरी सिफारिस गरेको र संवैधानिक व्यवस्थाको अधिनमा रही आयोगले गरेको सिफारिस नेपाल सरकारले अनिवार्यरुपमा कार्यान्वयन गर्नुपर्छ भन्ने आयोगको बुझाइ छ,’ निर्णयमा उल्लेख छ । ‘आर्थिक वर्ष २०८२/८३ का लागि आयोगबाट भएको सिफारिस तथा संघीय संसदबाट पारित बजेट बमोजिम रकम हस्तान्तरण गर्न अर्थ मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराइन्छ ।’

नेपालको संविधानको धारा ६० को उपधारा (३) अनुसार प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण सिफारिस गर्ने व्यवस्था राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा निहीत छ । धारा २५१ को उपधारा (१) को खण्ड (ख) ले पनि संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने अधिकार आयोगलाई दिएको छ । यी संवैधानिक व्यवस्थाअनुसार आयोगले सिफारिस गरेअनुसार नै अनुदान उपलब्ध गराउनु पर्ने निष्कर्षमा आयोग पुगेको हो ।

सरकारले भने लक्षित राजस्व संकलन हुननसक्दा अनुदान कटौती गर्नुपरेको जनाएको छ । ‘पुस मसान्तसम्म लक्ष्यको तुलनामा ८१ दशमलव ७५ प्रतिशत मात्र राजस्व संकलन भएको र सोही अनुपातमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न अर्थ मन्त्रालयबाट लेखिआएको छ,’ महालेखा नियन्त्रक कार्यालयको परिपत्रमा उल्लेख छ । त्यसअनुसार तेस्रो त्रैमासिक किस्ताबापत हुने २५ प्रतिशतमध्ये २० दशमलव ४३ प्रतिशत, अर्थात् कुल स्वीकृत वार्षिक बजेटको ७० दशमलव ४३ प्रतिशत नबढ्ने गरी अनुदान हस्तान्तरण गर्न निर्देशन दिइएको छ ।

अर्थ मन्त्रालयले चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि जारी गरेको ९५ बुँदे मार्गदर्शनमा पहिलो र दोस्रो किस्ता सुरु अनुमान बमोजिम तथा तेस्रो र चौथो किस्ता राजस्व संकलनको अवस्थाका आधारमा निर्धारण गरिने उल्लेख छ । अर्थकाअनुसार यसवर्ष १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख आम्दानी गर्ने लक्ष्य राखिएकोमा पुस मसान्तसम्म पाँच खर्ब ८८ अर्ब ५१ करोड ४२ लाख अर्थात् ३८ दशमलव ३८ प्रतिशत मात्र संकलन भएको छ । गत आर्थिक वर्षमा पनि अनुदान कटौती भएको थियो ।

त्यसबेला प्रदेश तथा स्थानीय तहले ठेक्का लागिसकेका र कार्यान्वयनमा गइसकेका योजना तथा कार्यक्रमको बजेट कटौती भएको भन्दै असन्तुष्टि जनाएका थिए । विरोधपछि महालेखा नियन्त्रक कार्यालयले तेस्रो किस्तासम्बन्धी निर्णय संशोधन गर्दै केही रकम निकासा गरेको थियो । चौथो किस्तामा समेत कटौती हुँदा प्रदेश र स्थानीय तहले कुल स्वीकृत वार्षिक बजेटको ९१ दशमलव ७६ प्रतिशत मात्र प्राप्त गरेका थिए ।

# मकवानपुरमा निर्वाचन आचारसंहिता उलङ्घन बढ्दै



साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ फागुन २१ गते हुने निर्वाचनको मिति नजिकिँदै गर्दा मकवानपुरमा निर्वाचन आचारसंहिता उलंघनका घटना बढ्दै जान थालेका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयको आयोजनामा राजनीतिक दलका प्रतिनिधिसहित सर्वपक्षीय बैठक बस्दै आचारसंहिता अनुगमन समितिले उलंघनका घटनाबारे स्पष्ट पारेको हो । बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले हालसम्म समितिमा २ वटा लिखित उजुरी र सामाजिक सञ्जालमार्फत् ७ वटा उजुरी परेको जानकारी दिएका छन् । आचारसंहिता अनुगमन समितिले २ वटा लिखित उजुरी तथा सामाजिक सञ्जाल फेसबुक, म्यासेन्जर, हवाट्सएपमार्फत् ७ वटा उजुरी परेको जनाएको छ । अधिकांश उजुरी दलका उम्मेदवारको चिन्ह र पोष्टर अंकित भएका भेष्ट, टिसर्ट, क्याप, ब्याग प्रयोग गरेको विषयमा परेको सहायक प्रजिअ जोशीले बताए ।

यस्तै, निर्वाचन आयोगको अनुमति प्राप्त सवारी साधनभन्दा बाहेकका अटोलगायत सवारी साधनमा दल तथा उम्मेदवारको पोष्टर लगाइएको पाइएको उनले बताए ।

यसबाहेक विद्यालयमा राजनीतिक क्रियाकलाप सञ्चालन गरेको, स्थानीय जनप्रतिनिधि आफ्नो पालिका बाहिरमात्र प्रचारप्रसारमा जान पाउने भएपनि आफ्नै पालिकाभित्र प्रचारप्रसारमा सक्रिय भएको पाइएको, आचारसंहिताले तोकेको स्थानभन्दा अन्यत्र झण्डा तथा पोष्टर राखेको, स्थानीय तहका सरकारी सवारी साधनसमेत दलको पक्ष तथा विपक्षमा माइकिङ गर्दै प्रयोग गरिएकोजस्ता गुनासा तथा उजुरी समितिमा आइपुगेको उनले स्पष्ट पारे ।

उनले यस्ता सामग्री प्रयोग गर्न पूर्णरुपमा निषेध गरिएको भन्दै निर्वाचनसम्म यस्ता कार्यहरु गरेको पाइएमा निर्वाचन कसुर तथा सजाय ऐनअनुसार कारबाही गरिने चेतावनी दिए । दलको चिन्ह, झण्डा, उम्मेदवारको पोष्टर अंकित टिसर्ट तथा भेष्ट बिक्री गरिरहेका ९ जनालाई शुक्रबार नै हेटौंडाबाट नियन्त्रणमा लिइएको उनले जानकारी दिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले निर्वाचनको अन्तिम तयारी भइसकेको जानकारी दिए ।

निर्वाचनका लागि आवश्यक कर्मचारी, सुरक्षाकर्मी, मतदान सामग्री सबै अन्तिम व्यवस्थापन टुंग्याइएको उनले बताए । प्रजिअ अधिकारीले विकृति नै संस्कृति बन्ने परिपाटीले सच्चिन असहज हुने बताउँदै निर्वाचनमा सबै पक्ष तथा नागरिक सचेत हुनुपर्ने बताए ।


उनले निर्वाचनको मुखमा फागुपूर्णिमा पर्ने भएकोले यो चाडलाई सकारात्मकरुपले व्यवस्थापन गर्नुपर्ने चुनौती आफूहरुलाई थपिएको बताए । मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा निर्वाचन अधिकृत देवेन्द्रराज आचार्य, बागमती प्रदेश निर्वाचन कार्यालयका प्रमुख निर्वाचन अधिकारी हरिप्रसाद ढकाल, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक जनक पुरी, प्रहरी वरिष्ठउपरीक्षक प्रभुप्रसाद ढकाल, जिल्लास्थित राजनीतिक दलका र स्वतन्त्र उम्मेदवारका प्रतिनिधिलगायत सञ्चारकर्मीको सहभागिता थियो ।

## नेकपा थाहानगरको अपील:

# ‘लवशेर विष्टको चुनाव चिन्ह तारामा मतदान गरौं’

साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर २ का उमेद्वार लवशेर विष्टको पक्षमा मतदान गर्न अपील जारी भएको छ ।



नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का तर्फबाट उमेद्वार बनेका विष्टको पक्षमा २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा मतदान गर्न आव्हान गदै नेकपा थाहानगर कमिटीले अपील जारी गरेको हो । विगतमा अन्य स्थानका विभिन्न राजनीतिक दलका उम्मेदवारलाई विजयी गराएर पठाएपनि ति प्रतिनिधि थाहानगरको स्थानीय नहुँदा यहाँको आवश्यकता र समस्या संसदमा जोडदारसँग उठाउन नसकेकोले धेरै समस्याहरु समस्याकै रुपमा रहिरहेको अपील पत्रमा उल्लेख छ । लामो समयपछि थाहानगरले संघीय सासंद (प्रतिनिधिसभा सदस्य) को उम्मेदवार पाएको भन्दै अपीलपत्रमा यसलाई थाहा नगर बासीका लागि सुनौलो अवसर सम्झेर लवशेर विष्टलाई मतदान गर्न आग्रह गरिएको छ ।

उम्मेदवार विष्टले थाहानगरको नेतृत्व पाँच वर्षसम्म गरिरहदा इमान्दारिताको साथ थाहाका हरेक क्षेत्रको समस्या र चुनौतीलाई नजिकबाट नियालेको उल्लेख गर्दै विष्टको कार्यकालमा विभिन्न ठाउँमा प्रयत्न गरेर नागरिकको समस्या र आवश्यकता समाधान भएको र केही समस्याहरु स्थानीय सरकार प्रमुख मात्रको हैसियतले स्रोत, साधन र अधिकारको कमीले पूरा गर्न नसकेर यथावत रहेको उल्लेख छ । नगरप्रमुख हुँदा अधुरा कार्यलाई पुरा गराउन थाहा नगरबासीले विष्टलाई मतदान गर्नुपर्ने अपीलमार्फत सन्देश दिइएको छ ।

बिष्ट मकवानपुरको थाहा नगरका पूर्वनगरप्रमुख तथा एक परिचित स्थानीय राजनीतिक व्यक्तित्व हुन् । थाहा नगरपालिका-३, घर्तीखोलामा जन्मिएका बिष्ट सामाजिक, राजनीतिक र विकास अभियानमा लामो समयदेखि सक्रिय रहँदै आएका छन् । सरल जीवनशैली, स्थानीय समस्याप्रति नजिकबाट बुझाइ र जनतासँगको प्रत्यक्ष सम्पर्क उनका प्रमुख विशेषता मानिन्छन् । विद्यार्थी जीवनदेखि नै सामाजिक तथा राजनीतिक चेतनामा रुचि राख्ने बिष्ट स्थानीयस्तरका विभिन्न अभियान र आन्दोलनमा संलग्न हुँदै नेतृत्वदायी भूमिकामा स्थापित भए ।

यही सक्रियताले उनलाई स्थानीय राजनीतिमा चिनाएको हो । स्थानीय तहको पुन:संरचना पछि भएको निर्वाचनबाट बिष्ट थाहा नगरका पहिलो निर्वाचित नगरप्रमुख बने । नगरप्रमुखकारुपमा बिष्टको कार्यकालमा आधारभूत पूर्वाधार विकास, कृषि प्रवर्द्धन, सडक तथा सेवा विस्तार, शिक्षा र स्वास्थ्यमा पहुँच बढाउने प्रयासहरु भएका थिए । सुशासन, पारदर्शिता र जनसहभागितामा आधारित स्थानीय सरकार सञ्चालन गर्ने उनको सोचले थाहानगरको पहिचान निर्माणमा योगदान पुऱ्याएको मानिन्छ ।

नगरप्रमुख पदबाट बाहिरिएपछि बिष्ट सक्रिय राजनीतिमा निरन्तर रहँदै सामाजिक विकास र जनहितका विषयमा आवाज उठाउँदै आएका छन् । स्थानीय नेतृत्व र विकासको यात्रामा उनको योगदान थाहानगरको इतिहासमा स्मरणीय रहने विश्वास गरिन्छ । थाहा आन्दोलनका प्रणेता रुपचन्द्र बिष्टका अनुयायीका रुपमा परिचित बिष्टलाई जिताउन नेकपा थाहानगर कमिटीले सार्वजनिक अपील गरेको हो ।

# निर्वाचनको निष्पक्षता र आचारसंहिता पालनामा पत्रकार महासंघको जोड

साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र मर्यादित वातावरणमा सम्पन्न गराउन नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले आमसञ्चारकर्मी तथा सञ्चार माध्यमलाई जिम्मेवार र तटस्थ भूमिका निर्वाह गर्न आग्रह गरेको छ ।

लोकतन्त्रको सुदृढीकरणका लागि निर्वाचनलाई महत्वपूर्ण अभ्यासकारुपमा उल्लेख गर्दै महासंघले पत्रकारिताको पेशागत मर्यादा कायम राख्न अपिल गरेको हो । महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगरद्वारा जारी विज्ञप्तिमा निर्वाचनलाई लोकतन्त्रको सुन्दर उत्सवको रुपमा चित्रण गर्दै यसको विश्वसनीयता र पारदर्शितामा सञ्चारक्षेत्रको योगदान निर्णायक हुने उल्लेख गरिएको छ । जनतालाई सुसूचित गर्ने दायित्व निर्वाह गर्दै आएका सञ्चारकर्मी निर्वाचनको संवेदनशील समयमा अझ बढी जिम्मेवार, संयमित र तथ्यमा आधारित हुनुपर्ने आवश्यकता औंल्याइएको छ ।

बागमती प्रदेशमा क्रियाशील सञ्चारकर्मीले कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा नलागी तटस्थ र हेर सत्य-तथ्य, सन्तुलित र प्रमाणमा आधारित समाचार सम्प्रेषण गर्नुपर्नेमा महासंघले जोड दिएको छ । निर्वाचनका क्रममा अफवाह, एकपक्षीय प्रचार तथा भ्रामक सामग्रीको प्रभाव बढ्न सक्ने भएकाले सत्यापनविना सूचना प्रकाशन वा प्रसारण नगर्न आग्रह गरिएको छ । विज्ञप्तिमा नेपाल पत्रकार महासंघ तथा प्रेस काउन्सिल नेपालद्वारा जारी ‘पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६)’ र निर्वाचन आयोगले जारी गरेको ‘निर्वाचन आचारसंहिता’ को पूर्णपालना गर्न आग्रह गरिएको छ ।

आचारसंहिताको अक्षरश: कार्यान्वयनले मात्र पत्रकारिताको विश्वसनीयता कायम राख्न सकिने महासंघको धारणा छ । सामाजिक सञ्जाल र विभिन्न डिजिटल माध्यमबाट फैलिन सक्ने ‘मिस-इन्फर्मेसन’ र ‘डिस-इन्फर्मेसन’प्रति विशेष सतर्कता अपनाउनुपर्ने उल्लेख गर्दै घृणास्पद अभिव्यक्ति, वैमनस्यता फैलाउने सामग्री तथा अपुष्ट समाचारलाई निरुत्साहित गर्न आग्रह गरिएको छ । समाचार सम्प्रेषण गर्दा स्रोतको पुष्टि, सन्तुलित प्रस्तुति र सार्वजनिक हितलाई प्राथमिकता दिनुपर्नेमा पनि महासंघले ध्यानाकर्षण गराएको छ ।

समाचार संकलनका क्रममा महिला, दलित, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायका आवाजलाई समावेश गर्दै निर्वाचन प्रक्रियालाई थप हौसलापूर्ण बनाउन सञ्चारक्षेत्रले सकारात्मक भूमिका खेल्नुपर्ने विज्ञप्तिमा उल्लेख छ । विविधता र समावेशितालाई सम्मान गर्दै लोकतान्त्रिक अभ्यासलाई सुदृढ बनाउन पत्रकारको योगदान महत्वपूर्ण हुने विश्वास महासंघले व्यक्त गरेको छ । कार्यक्षेत्रमा खटिँदा व्यक्तिगत सुरक्षा, स्वास्थ्य तथा पेशागत सुरक्षाप्रति सचेत रहन सम्पूर्ण सञ्चारकर्मीलाई विशेष आग्रह गरिएको छ । सम्भावित जोखिम र तनावपूर्ण अवस्थालाई ध्यानमा राखी संयम र सतर्कता अपनाउनुपर्नेमा जोड दिइएको छ ।

# आशा विशेष पाठशालालाई खाद्यान्न सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ मकवानपुर अधिकृत विक्रेता व्यवसायी संघले खाद्यान्न सहयोग गरेको छ । शनिबार आशा विशेष पाठशाला तथा पूनर्व्यवस्थापन केन्द्रलाई खाद्यान्न सामग्री सहयोग गरेको मकवानपुर अधिकृत विक्रेता संघका अध्यक्ष राजेन्द्र लामिछानेले जानकारी दिए ।

संघलाई पाठशालाले खाद्यान्न अभाव भएको भनी माग आएकाले केन्द्रलाई खाद्यान्न सामग्री सहयोग गरेको अध्यक्ष लामिछानेले बताए । खाद्यान्न सामग्रीअन्तर्गत चामल, दाल, तेल, बिस्कुटलगायत सामग्री ३० हजार रुपैयाँ बराबरको सहयोग गरेको हो । अध्यक्ष लामिछाने सहित संघका पदाधिकारीले आशा विशेष पाठशाला व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण चौलागाईंलाई खाद्यान्न सामग्री हस्तान्तरण गरेको हो । संघले विविध अवसर पारेर बालआश्रम, मानवसेवा आश्रमलगायतलाई खाद्यान्न सामग्री सहयोग गर्दै आएको छ ।

खाद्यान्न वितरण कार्यक्रममा संघका पूर्वअध्यक्ष चक्रधर विडारी, पवन अग्रवाल, सल्लाहकार माधव ज्ञवाली, महासचिव सुदर्शन पाठक, सचिव बालकुमारी गौतम, सदस्यहरु सरोज शिवाकोटी, सरोज घिमिरे, दिपेश महर्जन, सर्मेन्द्र पौडेल, अनिल मानन्धर, सूर्य पाण्डे लगायतको उपस्थिति रहेको थियो । पुनर्व्यवस्थापना केन्द्रमा २५ जना विद्यार्थी रहेका छन् भने ८८ जना स्कुलमा अध्ययनरत छन् । केन्द्रले सञ्चालन गरेको विद्यालय हरियालीचौकी पछाडि रहेको छ भने होस्टेल हेटौंडा-६ स्थित रामनगरमा रहेको छ ।

# स्वाधीनता र संविधानको रक्षाका लागि सूर्यमा मतदान गरौं: महेश बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा नेकपा एमालेका उम्मेदवार महेशकुमार बर्तौलाले स्वाधीनता र संविधानको रक्षागर्न सूर्यचिह्नमा मतदान गर्न आग्रह गरेका छन् ।



शनिबार हेटौंडा उपमहानगरपालिका-१ अन्तर्गत चौकीटोल हुँदै चाइना क्वार्टरका विभिन्न बस्तीमा सम्पन्न घरदैलो कार्यक्रममा बर्तौलाले स्वाधीनता र संविधानरक्षाका लागि एमालेको सूर्यचिन्हमा मतदान गर्न आग्रह गरेका हुन् ।

कार्यक्रममा उपस्थित नेता, कार्यकर्ता, युवा र समर्थकलाई धन्यवाद व्यक्त गर्दै बर्तौलाले एमाले केवल सरकार बनाउने वा पद हासिल गर्ने उद्देश्यका लागि नभई मुलुकको जटिल अवस्थाबाट निकास दिन निर्वाचनमा होमिएको स्पष्ट पारे । निर्वाचन सामान्य प्रतिस्पर्धा नभएर देशको भविष्य र राष्ट्रिय हितसँग जोडिएको ऐतिहासिक अवसर रहेको बर्तौलाको भनाइ थियो ।

नेकपा एमाले राष्ट्रहितका सवालमा अडिग रहेको उल्लेख गर्दै उनले भने, ‘अन्तर्राष्ट्रिय शक्तिकेन्द्रले नेपाललाई आफ्नो स्वार्थपूर्तिको माध्यम बनाउन खोजिरहेका छन् । यस अवस्थामा राष्ट्रियता, स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा हाम्रो पहिलो जिम्मेवारी हो । हामी राष्ट्रहितमा कुनै सम्झौता गर्दैनौं ।’ प्रतिनिधिसभा देशको सर्वोच्च जनप्रतिनिधिमूलक संस्था भएकाले मतदाताले आवेग, उत्तेजना वा आक्रोशमा नभई विवेक र तथ्यका आधारमा मतदान गर्नुपर्ने आग्रह गर्दै बर्तौलाले सामाजिक सञ्जालले फैलाएको भ्रममको आधारमा मत दिन नहुने बताए । स्थानीय मुद्दालाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाउँदै बर्तौलाले सीमावर्ती बस्ती, भूमिहीन किसान, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई धनीपूर्जा उपलब्ध गराउने विषय संसदमा सशक्तरुपमा उठाउने बताए ।

उनले मतदातालाई सम्झाए, ‘हामी केवल मतका लागि होइन, सेवा र जिम्मेवारीका लागि यहाँ आएका हौं ।’ प्रतिनिधित्व र समानुपातिकतर्फ दुई मतपत्र हुने स्मरण गराउँदै उनले सूर्यमा मतदान गरी राष्ट्र निर्माणको स्पष्ट दृष्ट्रिकोण बोकेको उम्मेदवारलाई समर्थन गर्न अपील गरे । बर्तौलाले जनताको विश्वास र साथले आगामी निर्वाचनमा एमालेको विजय सुनिश्चित भएको दोहोऱ्याए । नेकपा एमाले हेटौंडा उपमहानगरपालिका-१ नम्बर वडाकमिटीको आयोजनामा भएको घरदैलो कार्यक्रम उत्साहजनक सहभागिता थियो ।

# मकवानपुर-२ का पालिकामा राष्ट्रिय जनमोर्चाको घरदैलो

साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ मकवानपुर जिल्ला निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गत पर्ने हेटौंडा उपमहानगरपालिका, भीमफेदी र इन्द्रसरोवर गाउँपालिकामा राष्ट्रिय जनमोर्चा (राजमो) ले घरदैलो कार्यक्रम गरेको छ ।

राजमो केन्द्रीय निर्वाचन परिचालन समितिका सदस्य सानोभाइ कार्की तथा मकवानपुर-२ का उमेदवार निरबहादुर सिन्तानको नेतृत्वमा १५ फागुनमा घरदैलो कार्यक्रम भएको हो । मनहरी बजारबाट सुरु भएको राजमोको टोली अभियान मनहरी गाउँपालिका विभिन्न वडा, हेटौंडा नगरपालिका वडा नं. १९, ११, ३ र १, भीमफेदी गाउँपालिका विभिन्न वडा र इन्द्रसरोवर गाउँपालिका विभिन्न वडामा पुगेर घरदैलो गरेको थियो । अभियानअन्तर्गत राजमोलाई शुभेच्छा प्रकट गर्ने धेरै मतदातासँग भेटघाट गर्दै घोषणापत्र, पर्चापम्प्लेट वितरणलगायतको कार्यक्रम गरिएको राजमोले जानकारी दिएको छ ।

प्रचारप्रसार टोलीमा निर्वाचन परिचालन समितिका संयोजक शुभराज गोले, अखिल नेपाल ट्रेड युनियन महासंघ (अन्टुक) का केन्द्रीय कोषाध्यक्ष पुरुषोत्तम कार्की, राष्ट्रिय सहकारी अभियानका केन्द्रीय सदस्य कृष्णबहादुर विष्ट, राजमो मकवानपुरका सचिव दिनेश विष्टसँगै अन्य राजमो सदस्य तथा समर्थकको सहभागिता रहेको थियो ।

हार्दिक समवेदना



जन्म: २०१३/०८/१४
स्वर्गारोहण: २०८२/११/०५

स्व. गंगा बहादुर खड्गी

यस संस्थाका सल्लाहकार **गंगा बहादुर खड्गी**को असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्त दु:खी भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सुनकुमार मानन्धर (अध्यक्ष)
एवम्
**नेवा सांस्कृतिक पुच: परिवार**
हेटौंडा-१०

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना